CC-0. Nepal Sanskrit Academy, Kathmandu

पूर्णिमा

इतिहास-प्रधान त्रैमासिक पत्रिका

६० पूर्णाङ्क

संशोधन-मण्डल

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

का. मे. अ. द. नं. १५५/२४९

तदिह न गुणदोषौ योजनीयावल्लीकौ
कथमपि महता यत् संस्कृतोऽयं श्रमेण ।

—बापूदेव शास्त्री

[धेरै मिहिनेत गरी यो तयार गरिएको छ । यस कारण यहाँ झूटो गुण अथवा दोष नलगाइदिनुहोला ।]

पूर्णिमा

(इतिहास—प्रधान त्रैमासिक पत्रिका)

१५ वर्ष ४ अङ्क

सम्पादक—
महेशराज पन्त
दिनेशराज पन्त

प्रकाशक—
देवीप्रसाद भण्डारी
(संशोधन—मण्डलद्वारा)

यस अङ्कको मूल्य रु. १५।—

CC-0. Nepal Sanskrit Academy, Kathmandu

विषय–सूची

		पृष्ठ
१. शक्तिले ल्याएको उन्माद र त्यसको ओखती	नयराज पन्त	१–५
२. गोपालराजवंशावलीको अवुठ शब्दको अर्थ के हो ?	महेशराज पन्त	६–२४
३. लक्ष्मीनरसिंह मल्लको अप्रकाशित ताम्रपत्र	महेशराज पन्त	२५–२७
४. लक्ष्मीनरसिंह मल्लको र प्रताप मल्लको पालाको अप्रकाशित शिलालेख	महेशराज पन्त	२८
५. श्री ५ पृथ्वीनारायण शाहले टऊटि कर्मीलाई लेखेको अप्रकाशित पत्र	दिनेशराज पन्त	२९
६. युवराज प्रतापसिंह शाहले श्रीकृष्ण पाठकलाई लेखेका तीन अप्रकाशित पत्र	दिनेशराज पन्त	२९–३०
७. श्री ५ पृथ्वीनारायण शाहले श्रीकृष्ण पाठकलाई लेखेको अप्रकाशित पत्र	दिनेशराज पन्त	३०
८. वि. सं. १८२४ मा श्रीकृष्ण पाठकको नाममा भएको अप्रकाशित सवाल	दिनेशराज पन्त	३१
९. श्री ५ पृथ्वीनारायण शाहले नैजराम मेधासीलाई लेखेको अप्रकाशित पत्र	दिनेशराज पन्त	३१–३२
१०. वि सं. १८२९ मा अङ्ग्रेजका प्रतिनिधिसँग भेट गर्न नेपाली प्रतिनिधि जाँदा भएको खर्चको अप्रकाशित लगत	दिनेशराज पन्त	३२–३३
११. श्री ५ पृथ्वीनारायण शाहले काजी कालु पाँडेलाई जागीरको रूपमा दिएको जग्गाको अप्रकाशित फाँट	दिनेशराज पन्त	३४
१२. श्री ५ पृथ्वीनारायण शाहले भारादारहरूलाई दिएको जग्गाको अप्रकाशित फाँट	दिनेशराज पन्त	३४–३६
१३. ऐ. शि. बाबुराम आचार्यले रचना गर्नुभएको नेपालको संक्षिप्त इतिहास	देवीप्रसाद भण्डारी	३७–४३

CC-0. Nepal Sanskrit Academy, Kathmandu

शक्तिले ल्याएको उन्माद र त्यसको ओखती

—नयराज पन्त

वि. सं. १९७० श्रावणमा मेरो जन्म भएको हो । वि. सं. १९७८ चैत्रमा मेरो व्रतबन्ध भयो । मेरा मातामह पं. भुवननाथ पाँडेले मलाई मन्त्र सुनाउनुभयो; एकान्तमा लगी १०८ दिनसम्म गायत्री जप गर्न सिकाउनुभयो; भात खाँदा भन्नुपर्ने मन्त्रचाहिँ आफू माथिल्लो खण्डामा बसी मलाई तल्लो खण्डामा राखी आफूले मन्त्र पढ्दै मलाई पढाउँदै १०८ दिनमा कण्ठस्थ गराइदिनुभयो; नवरात्रमा चण्डी पाठ गर्नुपर्छ, जति सक्छस् उति गर् भनी मलाई वि. सं. १९७९ को नवरात्रदेखि चण्डी पाठ गर्न लाउनुभयो ।

नवरात्रमा पहिला २।४ वर्षसम्म एक दुइ अध्यायभन्दा बढ्ता पाठ मैले गरे जस्तो अहिले मलाई लाग्दैन । कुन सालदेखि चण्डीका १३ अध्याय नवरात्रमा प्रतिदिन पाठ गर्न लागें, सो कुरा पनि अहिले मलाई सम्झना छैन । १३ अध्याय पाठ गर्न लागेपछि पनि जति सक्यो, उति चाँडो पाठ सिद्ध्याउनु नै मैले पुरुषार्थ सम्झेको थिएँ । जजमानको लागि पनि मैले केही वर्ष नवरात्रमा चण्डी पाठ गरेको छु । त्यहाँ पनि चाँडै पाठ सिद्ध्याउनु र जजमान-लाई पुण्य, आफूलाई दक्षिणा दिलाउनुभन्दा बढ्ता काम मबाट भएको थिएन । २०।२२ वर्ष यतादेखि म नवरात्रमा चण्डी पाठ गर्दा प्रत्येक श्लोकका अर्थ बुझ्ने प्रयत्न गर्दछु । यस कारण एक आवृत्ति चण्डी पाठ सिद्ध्याउन मलाई कम्तीमा पनि दुइ घण्टा लाग्दछ ।

नवरात्रको पूजा रामजी, महेशराज, दिनेशराज मिली गरिदिन्थे । वि. सं. २०४० भाद्रमा रामजीको स्वर्गवास भएपछि नवरात्रको पूजा महेशराज र दिनेशराजले मिली गरिदिएका छन् । नवरात्रको पूजामा मेरो काम ९ आवृत्ति चण्डी पाठ गर्नु मात्र हुन्छ । वि. सं. २०४१ को नवरात्रमा चण्डी पाठ गर्दा मैले तलका पद्यको रचनाको प्रारम्भ गरेको हुँ । चण्डीका ५, ६, ७, ८, ९, १० यी छ अध्यायका भाव यी पद्यमा परेका छन्, मुख्य गरी ५ अध्यायका भाव यी पद्यमा परेका छन् । चण्डीका ती अध्याय मलाई कण्ठस्थ जस्तै छन् । जुन जुन श्लोकका भाव यी पद्यमा परेका छन्, ती ती श्लोक पनि मलाई राम्रोसँग आउँछन् । यसको परीक्षा गर्ने अधिकार सबैलाई छ ।

मेरी नातिनी, महेशराजकी कान्छी छोरी मीमांसाले छापाखानामा दिनको लागि यो लेख सारिदिएकी हुन् । यसैले मीमांसालाई धन्यवाद छ ।

दाज्यू शुम्भ, निशुम्भ भाइ दुइटै राजा भएका थिए,
ज्यादै प्रेम थियो, परस्पर मिली द्वैराज्य ती गर्दथे ।
आफ्नो नै बलको र सैन्यबलको सम्पन्नताले पनि
सारा लोक जितेर विश्वविजयी सम्राट् भए ती दुइ ।।१।।

वि. सं. २०४१।६।११।५ आश्विनशुक्लतृतीया

CC-0. Nepal Sanskrit Academy, Kathmandu

कोशी भेकमहाँ थिइन् भगवती अत्यन्त नै सुन्दर,
देखतामा तिनको सुरूप तरुना हुन्थे त्यसै विह्वल ।
देखेछन् दुइ सैनिकाधिपतिले ती पर्वते सुन्दरी,
पाएछन् अनि एक काम बढिया देखाउने चाकरी ।।२।।

हामी पुग्यौं नाथ हिमाल भेकमा, देख्यौं कुरा एक अचम्मको त्यहाँ ।
कर्तव्य हो सेवकको भनीकन जाहेर गर्छौं अब त्यो कुराकन ।।३।।

सौन्दर्यले नै अति झलमलाउँदी फुट्ला जवानी अरु कलकलाउँदी ।
पार्दी सबैको मनलाइ मोहमा स्त्रीरत्न यौटी रहिछन् हिमालमा ।।४।।

हामी घुम्यौं धेर यताउतातिर सौन्दर्य त्यस्तो त अरु कतैतिर ।
न देखिएको छ, न सुन्न पाइयो, त्यो रूपले नाथ अचम्म पारियो ।।५।।

विमान बग्गी गज औ तुरङ्गम जो छन् सवारी बढिया मनोरम ।
अरूहरूका पहिले भए पनि सर्कारका नै अहिले भए तिनी ।।६।।

अत्यन्त राम्रा बहुमूल्य भूषण सुवस्त्र आकर्षण गर्दिने मन ।
जहाँ भए तापनि आइपुग्दछन्, सर्कारकै भोग्य भएर बस्दछन् ।।७।।

जो यो बगैंचा दरबारभित्र छ, त्रिलोकमा त्यो उपमाविहीन छ ।
वृक्षादि छन् रम्य भने जहाँ कहीं तो ल्याइबक्सिन्छ सबै प्रभो यहीं ।।८।।

संसारमा जो बहुमूल्य खानि छन्, प्रभावशाली जुन शस्त्र अस्त्र छन् ।
सर्कारको नै वशमा परीकन थर्काइदिन्छन् तिनले सबैकन ।।९।।

छाता सुनौला पृथिवीशलक्षण मानिन्छ, जो हो त्यसमा त उत्तम ।
साम्राज्यको चिह्न कहिन्छ त्यो प्रभो, सर्कारको यै दरबारको भयो ।।१०।

हजूर जेठा सरकारको पनि निशुम्भ कान्छा सरकारको पनि ।
दाज्यू र भाई दुइकै जगद्भरि बलीरहेको छ प्रताप हर्हरो ।।११।।

जेठा र कान्छा सरकारको बल सुनेर काँप्छन् सब लोक थर्थर ।
दाज्यू र भाई दुइ मात्र केवल संसारका छन् अहिले त ईश्वर ।।१२।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

जेठा र कान्छा सरकारको वश जगत् छ औ विश्वभरी छ सद्यश ।
संसारमा जो बढिया पदार्थ छन्, सर्कारको यै दरबारभित्र छन् ।।१३।।

हिमाललाई जसले सिँगार्दछिन्, ती सुन्दरी यै दरबारमा पसिन् ।
भने त शोभा दरबारको अझ बढ्ला र होला सबतर्फ झन् यश ।।१४।।

शुम्भले यति कुरा सुनीकन सुन्दरीकन फकाउनाकन ।
योग्य दूतकन तत्क्षणै चुने, दूतलाइ अनि यो कुरा भने ।।१५।।

स्त्रीरत्न यौटी छ हिमालमा, त्यहाँ जाऊ र ल्याऊ त्यसलाइ ता यहाँ ।
राजीखुशी भै जसरी त आउँछे, हे दूत त्यो काम तिमी त्यहाँ गरे ।।१६।।

पाएर आज्ञा निज भूपबाट ती सुन्दरीसामु गएर दूत ।
भन्दा भए दूत म शुम्भको हुँ, मैयाँ तपाईंकन क्यै म भन्छु ।।१७।।

हाम्रा मालिक शुम्भको छ वशमा सम्पूर्ण नै विश्व यो,
आज्ञापालक छन् समस्त जनता हाम्रा महाराजको ।
हाम्रा मालिकबाट जो हुकुम भो, सम्झी तपाईंकन
सोही भन्दछु सुन्नुहोस् भगवती राम्रो लगाई मन ।।१८।।

साम्राज्य मेरो छ जगद्भरी तथा छन् चाकरीदार समस्त देवता ।
त्रिलोकमा छन् बढिया कुरा जति, सम्पूर्ण मेरै वशभित्र छन् त्यति ।।१९।।

जो भोग्य रत्नादिक विश्वभित्र छन्, सम्पूर्ण मेरै दरबारभित्र छन् ।
स्त्रीरत्न राम्री रहिछौ, सुनें सब, तसर्थ आऊ दरबारमै अब ।।२०।।

निशुम्भ हुन् भाइ, म दाजु शुम्भ हुँ, म भाइमा स्नेह असाध्य गर्दछु ।
हामी दुवैको छ समान वैभव, साझा छ साम्राज्य तथा कुरा सब ।।२१।।

मेरी भई यो दरबारमा बस, निशुम्भको भै अथवा यहीं बस ।
हाम्री भएमा रमणी तिमीकन मिल्नेछ ठूलो पदवी तथा धन ।।२२।।

देवीले जब यो सुनिन्, अनि भनिन् गम्भीरता लोकन,
दाज्यू शुम्भ निशुम्भ भाइ दुइकै ऐश्वर्यको वर्णन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

जो यो गर्नुभयो, यथार्थ सब हो, झूटो कुरा होइन,
तो सम्राट् दुइले समान विजयी देखिन्न कोही जन ।।२३।।

लडकपन हुँदामा बुद्धि मेरो थिएन, त्यस समय गरेको काम राम्रो भएन ।
तर पनि गरिहालें ख्वाट्ट नै जो कबूल, त्यसकन पनि पाल्नैपर्छ मैले जरूर ।।२४।।

जुन पुरुष मलाई युद्धमा जित्न सक्छ, पति हुन पनि मेरो योग्य सोही ठहर्छ ।
लडकपन हुँदैमा यो गरेथें प्रतिज्ञा, त्यसकन अब छोड्ने चित्तले दिन्न आज्ञा ।।२५।।

समरधरणिमा श्रीशुम्भ औ श्रीनिशुम्भ दुइ जनहरुमध्ये एक आएर फट्ट ।
निज समरकलाले गर्व मेरो हरेर मकन त लगिबक्स्योस् गेहिनी सम्झिएर ।।२६।।

सुन्दा यस्तो जिल्ल केही परेर बोले दूत क्रोध केही झिकेर ।
शेखी गर्दा श्रेय आफ्नो हुँदैन, मैयाँ यस्तो बोल्नु राम्रो हुँदैन ।।२७।।

सुन्दामा पनि नाम विश्वविजयी हाम्रा महाराजको,
तर्सन्छन् सब, छैन विश्वभरमा जोरो कुनै शुम्भको ।
उस्तै नै हुनुहुन्छ भाइ, दुइकै बल्दो प्रतापाग्निमा
सोझै होमिन आँट पुग्छ कसको, यो गुन्नुहोस् चित्तमा ।।२८।।

हिँड्नुहोस् मसँग लौ दरबार, बन्नुहोस् अनि त्यहाँ सरकार ।
राजसी सकल इज्जतसाथ गर्नुहोस् विषयका सुखभोग ।।२९।।

राम्रो नै मुखले गए छ बढिया, होला बडो इज्जत,
शेखीसाथ अटेर भैकन बसे होला नि बेइज्जत ।
केही सैनिक आउनन् र सहजै पक्री तपाईंकन,
भुल्ल्याईकन दुःख दीकन बलै लानन् लछारीकन ।।३०।।

सुन्दा कडा वचन कोप अझै दबाई भन्दी भइन् भगवती नृपदूतलाई ।
हे दूतवर्य नृप शुम्भ निशुम्भको यो जो भन्नुभो बल पराक्रम, सत्य हो त्यो ।।३१।।

ठूलो प्रताप दुइटै नृपवर्यको छ, त्यो राजतेज सब भस्म गराइदिन्छ ।
भन्ने म बुझ्छु, तर बुद्धि पुगेन पैले, भैगो कबूल, दृढ बन्धन त्यै छ ऐले ।।३२।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

राजाधिराज प्रभुको पदमा गएर जाहेर गर्दिनुपर्‍यो सब यो यथार्थ ।
राजाधिराज प्रभु यो बुझिबक्सिन्यैछ, जो योग्य हुन्छ, अनि त्यै गरिबक्सिन्यैछ ।।३३।।

राजदूत दरबारमा गए, शुम्भलाइ सब त्यो कुरा भने ।
क्रोधको वश परेर शुम्भले सैन्यनाथकन यो कुरा भने ।।३४।।

यौटी दुष्टा तुहिनगिरिमा बस्तछे रे तथा त्यो
शेखी गर्छे अतिशय भनी दूतले बात ल्यायो ।
कोही योद्धा त्यसकन दिने धाप होला अवश्य,
त्यो आएमा त्यसकन तिमी पार नामावशेष ।।३५।।

हामीबाट प्रणयसँगमा डाकिबक्स्यौं, परन्तु
हाम्रो आज्ञा त्यसकन भयो नाघिने एक वस्तु ।
उल्टो हामीसँग समरमा भिड्छु पो भन्दछे त्यो,
यो साम्राज्यप्रति हुन गई एक विद्रोहिणी त्यो ।।३६।।

सेना साथ लिई गईकन त्यहाँ पक्री लछारीकन
त्यल्लाई दरबारभित्र बलले ल्याऊ घिसारीकन ।
यो आज्ञा नृपको शिरोपर गरी सेना लिई साथमा
सेनाधीश्वर ती गए, रण भयो, ती मारिए युद्धमा ।।३७।।

यौटा सेनापति जब परे युद्धमा, शुम्भबाट
दोटा सेनाधिपति खटिए, ती गए वीरलोक ।
धेरै सेनापतिहरु परे युद्धमा, भाइसाथ
राजा आए रणधरणिमा औ भए नामशेष ।।३८।।

मार्कण्डेयपुराणभित्र गनिने चण्डी सुविख्यात छ,
चण्डी सप्तशती भनिन्छ, त्यसमा देवीकथा पर्दछ ।
चण्डीभित्र छ शुम्भको पनि कथा, सोही कथा लोकन
जस्तो बुद्धि छ त्यैसमान हुन गो यी पद्यको ग्रन्थन ।।३९।।

वि.सं. २०४१।९।२४।२

CC-0. Nepal Sanskrit Academy, Kathmandu

गोपालराजवंशावलीको अवुठ शब्दको अर्थ के हो?

—महेशराज पन्त

खस राजा जितारि मल्लले वि. सं. १३४४ को पूसमा नेपालखाल्डोमा हमला गरेका थिए। त्यसको बयान *गोपालराजवंशावली*मा यसरी गरिएको छ—

> पश्चात् खसिया ववः ।। राजा जयतारि प्रथम प्रविष्टः सम्वच्छर चारि सय आठ पोषमासे । स ाह्मगुस्थाने खशिया अवुठ सय पातयित्वा ् राष्ट सर्व्व वने सेवित० ् खशिया तेन पलायित० ् लोक स्व वस्थेन स्वस्थान स्थित० ् ।।[1]

संस्कृतमा लेख्न खोजिए तापनि यी वाक्य शुद्ध छैनन्, अशुद्ध छन् भन्ने कुरा संस्कृतभाषाको साधारण ज्ञान भएको मानिसले पनि भन्न सक्छ। यी संस्कृत वाक्य अशुद्ध मात्र नभई यिनमा संस्कृतेतर भाषाहरूका वव, चारि सय आठ र अवुठ सय शब्द परेकाले भाषाशास्त्रीहरूलाई यी वाक्य निकै चाख लाग्दा हुन गएका छन्।

गोपालराजवंशावली पत्ता लाउने सेसिल बेन्डलले पश्चात्भन्दा अगाडिको वर्ष १२ मा ३ लाई समेत तानेर यो वाक्यको यस्तो अर्थ गरेका छन्—

> १२ यर्ज् थ्री मन्थ्ज् आफ्टर् [आई. ई. आफ्टर् द बिगिन्इङ अफ् अनन्त'ज् रेन्, अर् आफ्टर् द लास्ट् ईभेन्ट् मेन्शन्ड, ए क्वर्अल् बिट्वीन् हिज् सन्ज्] द खसिया किङ जायतारि फर्स्ट् एन्टर्ड्, संवत् फोर् हन्ड्रड् यान्ड् एट् इन् द मन्थ् पौष। आफ्टर् ए स्लटर् अफ् (एट् ?) हन्ड्रड् खसियाज् द रेस्ट् रिटाइर्ड् [टु द जङ्गल्ज् ?] यान्ड् द कन्ट्रि रिज्यूम्ड् इट्स् अर्डिनरि स्टेट्।[2]

---

१. नेपाल राष्ट्रिय अभिलेखालयको पहिलो १५८३ सङ्ख्याको *गोपालराजवंशावली*को २६ ख पत्र। वि. सं. २०१५ मा रोमबाट इसतितयुतो इतालिआनो पर इल मेदिओ एद एस्त्रेमो ओरियन्तद्वारा प्रकाशित, लूच्यानो पेतेकको *मेड्इईभल् हिस्टरि अफ् नेपाल्* (नेपालको मध्यकालको इतिहास) का २१९–२२४ पृष्ठमा ६ परिशिष्टको रूपमा *गोपालराजवंशावली*को संस्कृतभाग छापिएको छ। सम्पूर्ण *गोपालराजवंशावली*चाहिँ वि. सं. २०१६ मा काठमाडौँबाट हिमवत्संस्कृति–सञ्चालक–समितिद्वारा प्रकाशित *हिमवत्संस्कृति*को १ वर्ष १ अङ्कका ९–३४ पृष्ठमा छापिएको योगी नरहरिनाथको *गोपाल–वंशावली* भन्ने निबन्धमा (९–२५ पृष्ठमा) र वि. सं. २०२३ मा कलकत्ताबाट फर्मा के. एल. मुखोपाध्यायद्वारा प्रकाशित, डिल्लीरमण रेग्मीको *मेड्इईभल् नेपाल्* (मध्यकालको नेपाल)को ३ भागको पहिलो खण्डका ११२–१५७ पृष्ठमा छापिएको छ। मूलसँग भिडाई शुद्ध पाठ यहाँ दिइएको छ।

२. वि. सं. १९६० मा कलकत्ताबाट *जर्नल् अफ् द एशियाटिक् ससाइइटि अफ् बेन्गल्* (एशियासम्बन्धी बङ्गालको संस्थाको पत्रिका) को ७२ वर्षका १–२ अङ्कमा छापिएको सेसिल बेन्डलको द *हिस्टरि अफ् नेपाल्*

CC-0. Nepal Sanskrit Academy, Kathmandu

[१२ वर्ष ३ महीनापछि [अर्थात् अनन्तको राज्य शुरू भएपछि वा चर्चा गरिएको पछिल्लो घटना– उनका छोराहरूको झगडा–पछि] खसिया राजा जायतारि पहिलो पटक पसे, संवत् चार सय आठ पूस महीनामा । (आठ ?) सय खसियाहरू कत्तल गरेपछि बाँकी [जङ्गल ?] पसे र मुलुकमा स्थिति फेरि सामान्य भयो ।]

*गोपालराजवंशावली*का यी वाक्यमा एक ठाउँमा आठ र अर्को ठाउँमा अवुठ शब्द आएकाले बेन्डललाई अवुठको अर्थ गर्न अप्ठचारो परेको रहेछ भन्ने कुरा उनका यी वाक्यबाट बुझिएको छ । सङ्ख्यालाई बुझाउने शब्दहरूमा आठको नजीकको अवुठ भएकोले उनले अवुठको अर्थ पनि आठ हो कि भन्ने ठानेका रहेछन् भन्ने यताबाट नबुझिने होइन । तैपनि आठको पर्यायको रूपमा अवुठलाई लिनुपर्दा उनी सन्तुष्ट भने थिएनन् भन्ने कुरा अवुठको उल्था गर्दा एट् (आठ) शब्दलाई कोष्ठभित्र राखी एट्पछि उनले प्रश्नचिह्न लगाएकाले देखिन गएको छ ।

ऐ. शि. बाबुराम आचार्यले भने अवुठ आठको पर्याय हो भन्ने कुरा निर्धक्क भई सकार्नुभएको थियो भन्ने कुरा उहाँका तलका वाक्यबाट बुझिएको छ—

> नेपालका पुराना वंशावलीमा लेखिएका राजा जयतारि जुमलाका राजा हुनामा सन्देह छैन । इनका आक्रमणका विषयमा बेन्डाल साहेबले दिएका वंशावली (पाटी नं. ७) का वाक्यको "खसियाका राजा जयतारि संवत् ४०८ का पौषमा पहिले आएर सिमुमा ८०० खसियाले मारे (अथवा मारिए ?) राजा प्रजा सबै जंगलमा पसे । त्यस कारणले खसिया भागेर दुनियाँ आफ्ना आफ्ना ठाउँमा आए" भन्ने अर्थ हुन्छ । मसँग अघि रहेका वंशावलीमा रहेको "खसियाले खान पाएनन्" भन्ने अर्थको योटा वाक्य यसमा छुटेको छ । यस कारणले नेवारहरूले जंगलबाट बाटाघाटा रोकी रसद बन्द गरेर जयतारिमल्लका सैन्यलाइ हैरान गरेर हटाएको देखिन्छ । बेन्डाल साहेबले जंगलमा पस्ने खसियालाइ गराएका छन् (हि. इ. पृ. १४) । वंशावलीमा लेखिएका 'राष्ट्र' को अर्थ राजा प्रजा नै हुन सक्दछ । वनबाट फर्केर आफना आफना ठाउमा रहने पनि तिनै हुन सक्दछन् । खसिया सैन्य थियो, राष्ट्र थिएन । वनबाट फर्केर खसिया आउने कारण केही छैन ।[३]

गुरु धनवज्र वज्राचार्य र श्रीज्ञानमणि नेपालले पनि ऐ. शि. ज्यूकै पछि लागी[४] अवुठ शब्दको अर्थ आठ गर्नु-भएको छ भन्ने कुरा उहाँहरूका तलका वाक्यबाट बुझिन्छ—

यान्ड् सराउन्डइङ् किङ्डम्ज् (१०००–१६०० ए. डी.) (वि. सं. १०५७ देखि १६५७ सम्मको नेपाल र वरपरका अधिराज्यको इतिहास) भन्ने निबन्ध, ती अङ्कको ९ पृष्ठ ।

३. वि. सं. २०२९ मा प्रकाशित *पूर्णिमा* २७ अङ्कका १५४–१६१ पृष्ठमा छापिएको, बाबुराम आचार्यको *नेपालमा भएको मुसलमानी आक्रमण* भन्ने निबन्ध, सो अङ्कको १६० पृष्ठ ।

४. बाबुराम आचार्यको लेख पछि छापियो तापनि त्यसको प्रतिलिपि धेरै अगाडिदेखि हामीकहाँ थियो (*पूर्णिमा* २७ अङ्कको १५४ पृष्ठ) ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

राजा जयादित्यले सहोदर आनन्ददेवलाई कैद गरे, वर्ष १२ । मा ३ । पश्चिमबाट खशिया आए । ४०८ पौषमा जयतारि पहिलो पटक पसे । सिम्भूमा आठशय खशियालाई सिद्धचाई सारा राष्ट्र वन पस्यो । त्यस कारण खशिया भागे । दुनियाँ आनन्दसग आफ्नो आफनो ठाउँमा बसे ।[५]

श्रीसूर्यविक्रम ज्ञवालीले पनि अवुठ र आठ पर्यायवाची नै हुन् भनी ठान्नुभएको कुरा उहाँका तलका वाक्यबाट देखिन गएको छ—

> अनन्त मल्लका पालामा ने. सं. ४०८ आ. १२८८ ई. मा नेपालमा खसहरु आई बसोबासो गर्न थाले तथा ने. सं. ४११ आ. १२९१ ई. मा घेरै मैथिल परिवार मिथिला बाट बसाईं सरी नेपालमा आई बसोबासो गर्न थाले भनी कर्कपेट्रिकले लेखेको छ । कर्कपेट्रिकको यो छोटकरी कथनलाई वेंडलले गोपाल वंशावलीका आधारमा अझ स्पष्ट गरेका छन् । ने. सं. ४०८ पौष १२८८ ई. मा खस राजा जितारि मल्लले नेपाल माथी आक्रमण गरे । युद्धमा ८०० खस मारिये र जितारि मल्ल नेपाल छोड़ी भागे ।[६]

हामीले (धनवज्र वज्राचार्य, रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, गौतमवज्र वज्राचार्य, महेशराज पन्त, नयनाथ पौडेलले) पनि अवुठको अर्थ आठ नै गरेका थियौं—

> वि. सं. १३४४ पौषमा पश्चिमबाट जितारिमल्लले नेपाल–उपत्यकामा आक्रमण गरे । त्यस वेला नेपाल–उपत्यकामा अनन्तमल्ल शासन गर्दै थिए । स्वयम्भूको डाँडामा जितारिमल्लको खससैन्य र नेपाल–उपत्यकाका बासिन्दाहरूको लडाइँ भयो । यस लडाइँमा ८०० जति जितारिमल्लका खससिपाही परे । तैपनि जितारिमल्ल पछि हटेनन् । यसपछि यहाँका सारा बासिन्दाहरू रसदपानी लुकाई वनदुर्ग-भित्र पसे । यति भएपछि जितारिमल्ल स्वदेश फर्के । यहाँका बासिन्दाहरू पनि फेरि अघि जस्तै आफ्नो आफ्नो ठाउँमा रहन लागे ।[७]
>
> पश्चिमबाट खशिया आए । ने. सं. ४०८ (वि. सं. १३४४) पौषमा जयतारि (जितारिमल्ल) पहिलो पटक पसे । सिम्भूमा आठ शय खशियालाई सिद्ध्याई सारा राष्ट्र वन पस्यो । त्यस कारण खशिया भागे । दुनियाँ आनन्दसग आफ्नो आफ्नो ठाउँमा बसे ।[८]

---

५. वि. सं. २०११ मा काठमाडौंबाट धनवज्र वज्राचार्य र ज्ञानमणि नेपालद्वारा प्रकाशित, उनीहरूको *इतिहास–संशोधन [४ संख्या]* को १३ पृष्ठ ।

६. वि. सं. २०१९ मा काठमाडौंबाट रायल नेपाल एकेडेमीद्वारा प्रकाशित, सूर्यविक्रम ज्ञवालीको *नेपाल उपत्यकाको मध्यकालीन इतिहास*को ३८ पृष्ठ ।

७. वि. सं. २०१९ मा ललितपुरबाट जगदम्बा–प्रकाशनद्वारा प्रकाशित, धनवज्र वज्राचार्य, रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, गौतमवज्र वज्राचार्य, महेशराज पन्त, नयनाथ पौडेलको *इतिहास–संशोधनको प्रमाण–प्रमेय*को ऐतिहासिक सार ७० पृष्ठ ।

८. उही पुस्तकको मूल भागको १४८ पृष्ठ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

वि. सं. २०२२ सम्म पनि गुरु धनवज्र वज्राचार्यले अवुठ र आठ पर्यायवाची शब्द ठानिरहनुभएको थियो भन्ने कुरा उहाँका तलका वाक्यबाट स्पष्ट हुन गएको छ—

अशोकचल्लका छोरा जितारिमल्ल पनि बलिया शासक भए। यिनका पूर्वजहरूले पश्चिम र पश्चिमोत्तर-तिर आफ्नो राज्यविस्तार गरे तापनि पूर्वतिर उत्तिको बढ्न सकेको देखिदैंन। यी जितारिमल्लले पूर्वतिर पनि आफ्नो राज्यविस्तार गर्न उद्योग गरेका थिए। यसैले लगातार तीन पटक जितारिमल्लले नेपालउपत्यकामा आक्रमण गरेको उल्लेख गोपालराजवंशावलीमा पाइन्छ। पहिलो आक्रमण वि. सं. १३४४ पौषमा भएको थियो। त्यस वेला नेपाल–उपत्यकामा अनन्त मल्ल शासन गर्दै थिए। स्वयम्भूको डाँडोनिर जितारिमल्लको खससैन्य र उपत्यकावासीहरूको ठूलो लडाइँ भयो। यस लडाइँमा ८०० जति जितारिमल्लको खससिपाही परे। तैपनि जितारिमल्ल पछि हटेनन्। आखिर यहाँका बासिन्दा-हरूले जितारिमल्लको फौजसंग हाकाहकी नलडी उनीहरूलाई कायल पार्न अर्कै बाटो लिए। त्यस वेला नेपाल–उपत्यकामा अरू किसिमका दुर्ग(किल्ला)का साथसाथै वनदुर्गहरू पनि निकै थिए। बाहिर-बाट हमला हुंदा अरू किल्ला तोडी शत्रु शहर बस्तीभित्र पस्न समर्थ भए भने यहाँका सारा बासिन्दाहरू रसद लुकाई यस्तै वनदुर्गभित्र पस्तथे। जितारिमल्लसंगको यस युद्धमा पनि नेपाल–उपत्यकावासीहरूले आत्मरक्षाको यही बाटो लिए। यसरी रसदपानी नपाउँदा जितारिमल्लको सैन्यलाई धेरै दिन यहाँ टिक्न गाह्रो भयो र जितारिमल्ल स्वदेश फर्केर गए। यति भएपछि यहाँका बासिन्दाहरू फेरि अघि जस्तै आफआफ्नो ठाउँमा रहन लागे।[९]

श्रीडिल्लीरमण रेग्मीले पनि अवुठ शब्दको अर्थ आठ नै ठान्नुभएको रहेछ भन्ने कुरा उहाँका तलका वाक्यबाट बुझिन्छ—

अन् दि एक्सपाइरड् अफ् १२ यर्ज् यान्ड् ३ मन्थ्ज् अफ् अनन्तमल्ल'ज् रेन्, द खसिआज् केम्। दिस् वज् द फर्स्ट् इन्भेजन् अफ् राजा जयतारि यान्ड् अकर्ड् इन् द मन्थ् अफ् पोष अफ् द यर् ४०८ = (डिसेम्बर्–ज्यान्युअरइ, १२८७–८८)। इन् साह्ले (स्वयम्भु एरइअ) ह्वेर् द खसिआ किङ वज् इन्-क्याम्प्इङ देर् वज् ए रेड् बाइ दि इन्टाइर् म्यास अफ् आउर् पीप्ल्, हू किल्ड् ८०० अफ् दि इन्भेड्-अर्ज्। देन् द खसिआज् फ्लेड्, यान्ड् द पीप्ल् रिटर्न्ड् टु देर् नर्मल् लाइफ् इन् ए ह्याप्इ मूड्।[१०]

[अनन्त मल्लको राजको १२ वर्ष ३ महीना बितेपछि खसियाहरू आए। यो, राजा जयतारिको पहिलो हमला थियो र संवत् ४०८ को पोष महीनामा (वि. सं. १३४४ को पूसमा) यस्तो भयो। साह्ले (स्वयम्भूक्षेत्र)मा ती खसिया राजाले छाउनी हालेर बसेकामा हाम्रा दुनियाँ सबै मिलेर हमला गरी

९. वि. सं. २०२२ मा प्रकाशित *पूर्णिमा* ६ अङ्कमा छापिएको, धनवज्र वज्राचार्यको *कर्नालीप्रदेशको इतिहासको एक झलक* भन्ने निबन्ध, सो अङ्कका २१–२२ पृष्ठ।

१०. वि. सं. २०२३ मा कलकत्ताबाट फर्मा के. एल. मुखोपाध्यायद्वारा प्रकाशित, डिल्लीरमण रेग्मीको *मेड्इईभल् नेपाल्*को पहिलो भागको २४१ पृष्ठ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

हमलावरमध्ये ८०० लाई मारिदिए । अनि खसियाहरू भागेकाले दुनियाँको मन खुशी भयो र फेरि सामान्य स्थिति आयो ।]

वि. सं. २०२६ सम्म पनि गुरु धनवज्र वज्राचार्यले अवुठ र आठ पर्यायवाची शब्द ठानिरहनुभएको थियो भन्ने कुरा उहाँको तलको लेखाइबाट स्पष्ट देखिएको छ—

कर्णाली प्रदेशका प्रसिद्ध राजा जितारिमल्लले वि. सं. १३४४ मा नेपाल उपत्यकामा आक्रमण गरेका थिए । स्वयम्भूको डाँडोनिर जितारिमल्लको खससैन्य र उपत्यकावासीहरूको ठूलो लडाई भयो । यस लडाईमा आठशय जति खससैनिक परे । तैपनि जितारिमल्ल पछि हटेनन् । आखिर यहाँका बासिन्दाहरूले जितारिमल्लको सैन्यसंग हाकाहकी नलडी उनीहरूलाई कायल पार्ने अर्कै बाटो लिए । त्यस वेला नेपाल–उपत्यकामा अरू किसिमका दुर्ग (किल्ला) का साथसाथै वन दुर्गहरू पनि निकै थिए । बाहिरबाट हमला हुँदा अरू किल्ला तोडी शत्रु शहर बस्तिभित्र पस्न समर्थ भए भने यहाँका वासिन्दाहरू रसद लुकाई यस्तै वनदुर्गभित्र पस्तथे । जितारिमल्लसँगको युद्धमा पनि नेपाल उपत्यका वासीहरूले आत्म रक्षाको यही बाटो लिए । यसरी रसद–पानी नपाउँदा जितारिमल्लको सैन्यलाई धेरै दिन यहाँ टिक्न गाऱ्हो भयो र जितारिमल्ल स्वदेश फर्केर गए । अनि यहाँका वासिन्दाहरू फेरि अघि जस्तै आफ–आफ्नो ठाउँमा रहन लागे ।[११]

पश्चिम नेपालको इतिहास लेख्ने श्रीरामनिवास पाँडे पनि लहैलहैमा लागनुभएको कुरा उहाँकै वाक्यले स्पष्ट गरेको छ—

फ्रम् दि अबभ्–मेन्शन्ड् अकाउन्ट्स् इट् इज् क्लीर् थ्याट् ड्यूरिङ द रेन् अफ् आनन्दमल्ल, जितारिमल्ल (जि–त'अर्–मल) ह्याड् थ्राइस् रेडइड् द काठमान्डु भ्यालइ बिट्वीन् नेपाल् एर्अ ४०८–४१० । ए फोर्स् ब्याट्ल् टुक् प्लेस् बिट्वीन् द आर्मि अफ् द इन्भेड्इङ किङ यान्ड् द नेपाल् (काठ्मान्ड् भ्यालइ) फोर्स् इज् । इन् द कन्फ्लिक्ट् जितारिमल्ल लस्ट् एट् हन्ड्रड् अफ् हिज् सोल्जर्ज् यान्ड् देन् ही रिटर्न्ड् टु हिज् नेटिभ्–ल्यान्ड् ।[१२]

[आनन्द मल्लको पालामा जितारिमल्ल (जि–त्'अर्–मल्) ले ने. सं. ४०८–४१० भित्र तीन पटक नेपालखाल्डोमा हमला गरेका थिए भन्ने कुरा माथि चर्चा गरिएका बयानबाट स्पष्ट हुन्छ । ती हमलावर राजाको फौज र नेपाल (नेपालखाल्डो)को फौजको बीचमा ठूलो भिडन्त भयो । त्यस लडन्तमा जितारि मल्लले आफ्ना सैनिकमध्ये आठ सय गुमाए र अनि उनी आफ्नो मुलुक फर्के ।]

---

११. वि. सं. २०२६ माघ २२ गतेको *गोरखापत्र*मा छापिएको धनवज्र वज्राचार्यको *वनदुर्ग* भन्ने निबन्ध ।

१२. वि. सं. २०२७ मा काठमाडौंबाट श्री ५ को सरकार शिक्षामन्त्रालय पुरातत्त्वविभागद्वारा प्रकाशित, *प्राचीन नेपाल*को ११ सङ्ख्यामा छापिएको रामनिवास पाँडेको *दि एन्शन्ट् यान्ड् मेड्इईभल् हिसटरि अफ् वेसटर्न् नेपाल्* (पश्चिम नेपालको प्राचीन र मध्यकालको इतिहास) भन्ने निबन्ध, सो अङ्कको ४८ पृष्ठ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

श्रीढुण्डिराज भण्डारी पनि त्यही लहैलहैमा लाग्नुभएको कुरा उहाँका तलका वाक्यबाट बुझिएको छ—

राजा अनन्तमल्लको शासन–कालमा वि. सं. १३४४ मा जुम्लाका खसिया राजा जितारिमल्लले नेपाल उपत्यकामाथि आक्रमण गरेका थिए। जितारिमल्लका खसिया फौज र नेपालीहरूका बीचमा स्वयम्भूको डाँडोमा खूब घमासान युद्ध भयो। यस युद्धमा करीब ८०० खसिया सैनिक मारिए। यस्तो भयङ्कर युद्ध हुँदा पनि जितारिमल्लले युद्धबाट पछि हट्ने नाम लिएनन्। फलतः यहाँका बासिन्दा खाद्य–सामग्री लुकाई वनदुर्ग भित्र पसे। जितारिमल्ल फर्केर गए पछि यहाँका बासिन्दाहरू वन–दुर्गबाट फर्केर आए।[१३]

कर्णालीप्रदेशसम्म पुगी त्यहाँको इतिहास लेख्ने श्रीसत्यमोहन जोशीले पनि अवुठको अर्थ आठ नै ठान्नुभएको कुरा उहाँके वाक्यले स्पष्ट पारिदिएका छन्—

गोपालवंशावलीमा साल मिति अङ्कित जितारिमल्लका आक्रमणहरूको विवरण भएबाट नेपाल उपत्यका र सिंजाखोला उपत्यकाको सम्बन्ध र इतिहास जोड्ने ठूलो साधन प्राप्त भएको छ। यी दुइ उपत्यकाहरूको बीचमा फासला अन्दाजी १८० कोस जति पर्दछ।

जितारिमल्लले नेपाल उपत्यकामा आक्रमण गर्दाका विवरणहरू यस प्रकार छन्—

पहिलो आक्रमण वि. सं. १३४४ पौषमा भएको थियो। त्यस बेला नेपाल उपत्यकामा अनन्तमल्ल राजाको शासन थियो।

त्यस बेला स्वयम्भू डाँडामा जितारिमल्लका खस सैन्य र नेपाल उपत्यकाका सैन्यका बीच ठूलो लडाईं भयो। त्यस लडाईंमा जितारिमल्ल राजाको ८०० जवान जति खस सिपाही हताहत भएतापनि यिनी राजाले ठूलो पुरुषार्थ देखाई युद्ध गरे। त्यसपछि नेपाल उपत्यकाका बासिन्दाहरू भयभीत भई रसद पानी लुकाएर वन जङ्गल दुर्गतिर पसे। अनि जितारिमल्ल स्वदेश फर्के।[१४]

वि. सं. २०२८ सम्म पनि गुरु धनवज्र वज्राचार्यले अवुठ भनेको आठ भनेर ठानिरहनुभएको थियो भन्ने कुरा उहाँका तलका वाक्यले देखाएका छन्—

यो मौका पाई जितारिमल्ले लगातार तीनपटक नेपाल–उपत्यकामा आक्रमण गरेका थिए। यसको वर्णन गोपालराजवंशावलीमा परेको छ। पहिलो आक्रमण वि. सं. १३४४ पौषमा भएको थियो। खससैन्य पूर्वतिर बढ्दै आई नेपाल–उपत्यकाभित्र पसेपछि पहिलो मुकाबिला स्वयम्भूको डाँडोनिर भएको देखिन्छ। यो भन्दा पहिले नुवाकोट आदि ठाउँमा पनि शायद खससैन्यसँग मुकाबिला भएको हुन

---

१३. वि. सं. २०२७ मा काठमाडौंबाट प्रकाश–प्रकाशनद्वारा प्रकाशित, ढुण्डिराज भण्डारीको *नेपालको आलोचनात्मक इतिहास*को पहिलो खण्डको १०६ पृष्ठ।

१४. वि. सं. २०२८ मा काठमाडौंबाट नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठानबाट प्रकाशित, सत्यमोहन जोशीको *कर्णाली लोक संस्कृति खण्ड १ इतिहास*का ६०-६१ पृष्ठ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सक्छ। तर गोपालराजवंशावलीकारले यसको उल्लेख गरेका छैनन्। स्वयम्भूको डाँडोनेर चाँहि ठूलै लडाईं भएको थियो। यस लडाईंमा आठ शय जति खससैन्य खेत रहे। तैपनि जितारिमल्ल पछि हटेनन्। आखिर यहाँका बासिन्दाहरूले जितारिमल्लको सैन्यसंग हाकाहाकी नलडी उनीहरूलाई कायल पार्न अर्कै बाटो लिए। त्यस बेला नेपाल–उपत्यकामा अरू किसिमका दुर्ग(किल्ला)का साथसाथै वनदुर्गहरू पनि निकै थिए। बाहिरबाट हमला हुँदा अरू किल्ला तोडी शत्रु शहर, बस्तीभित्र पस्न समर्थ भए भने यहाँ सारा बासिन्दाहरू रसद लुकाई यस्तै वनदुर्गभित्र पस्दथे। जितारिमल्लसंगको यस युद्धमा पनि नेपाल–उपत्यकावासीहरूले आत्मरक्षाको यही बाटो लिए। यसरी रसद–पानी नपाउँदा जितारिमल्लको सैन्यलाई धेरै दिन यहाँ टिक्न गाह्रो भयो र जितारिमल्ल स्वदेश फर्केर गए। यति भए पछि यहाँका बासिन्दाहरू फेरि अघि जस्तै आफ-आफ्नो ठाउँमा रहन लागे।[१५]

युवराज जयादित्यदेवले सहोदर श्रीजयानन्ददेवलाई कैद गर्नुभयो। १२ वर्ष ३ महीना। पश्चिमबाट खशिया आए। ने. सं. ४०८ (वि. सं. १३४४) पौषमा जयतारि (जितारिमल्ल) पहिलोपटक पसे। सिम्भूमा आठ शय खसियालाई सिद्ध्याई सारा राष्ट्र वन पस्यो। त्यसकारण खशिया भागे + १ दुनियाँ आनन्दसंग आफ्नो आफ्नो ठाउँमा बसे।

+ 'वनदुर्ग'को कुरा नबुझ्दा प्रो. सेसिल बेन्डालले 'आठ सय सैनिक मारिए पछि जितारिमल्लको बाँकी सैन्य वनतिर पस्यो' भनी लेखेका छन्। ('हिस्टोरिकल इन्ट्रोडक्शन'को ९ पृ.) तर यो कुरा होइन। आत्मरक्षाको लागि यहाँको बासिन्दाहरू वनदुर्गहरूभित्र पसेका हुन्। गो वंशावलीको 'राष्ट्र सर्व वने सेवितम्' यस वाक्यबाटै उक्त कुरा स्पष्ट बुझिन्छ।[१६]

आफूलाई आफैँले कर्नालीप्रदेशको इतिहासका अधिकारी विद्वान् ठाने तापनि[१७] श्रीमोहनप्रसाद खनालको सोचाइ पनि अरूको भन्दा पर पुगेको छैन भन्ने कुरा उहाँले पनि अवुठलाई आठ भनी ठान्नुभएकोले बुझिन गएको छ—

यी आदित्यमल्ल जितारिमल्लका छोरा हुन्। बाबु जितरिमल्लपछि उनका उत्तराधिकारीका रूपमा यिनी गद्दीमा बसे। आफ्ना पुर्खाहरूले जस्तै यिनीले पनि राज्य विस्तारको कार्यलाई अगाडि बढाउँदै

---

१५. वि. सं. २०२८ मा छिनासिमबाट भीमप्रसाद श्रेष्ठद्वारा प्रकाशित र सम्पादित, *कर्णाली प्रदेश एक बिटो अध्ययन*मा छापिएको धनवज्र वज्राचार्यको *कर्नालीप्रदेशको ऐतिहासिक रूपरेखा* भन्ने निबन्ध, सो पुस्तकका २४–२५ पृष्ठ।

१६. उही पुस्तकको २५ पृष्ठ।

१७. राजकीय प्रज्ञा प्रतिष्ठानका तर्फबाट कर्णाली अञ्चलमा अनुसन्धानका लागि ततस्थानमा जानु भएका जोशिज्यूले त यस्ता कुराहरू लेख्नुभएको छ भने काठमांडौमा नै बसी अरूहरूले कष्ट साथ खोजी प्रकाश गरि दिएका सामग्रीहरूलाई सरसरती हेरेको भरमा कर्णाली प्रदेशको इतिहास लेख्न खोज्ने धन वज्र वज्राचार्यज्यूले माथिका वाक्यहरू लेख्नु कुनै ठूलो हैन जस्तो लाग्छ।

(वि. सं. २०३० मा काठमाडौंबाट मोहनप्रसाद खनालद्वारा प्रकाशित, उनैको *मध्यकालीन अभिलेख*को ५ पृष्ठबाट)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

लगेका थिए। तर यिनका पूर्वजहरूले पश्चिमोत्तरतिर राज्य बिस्तार गर्दै लगेका भएपनि यिनका बाबु जितारिमल्लले बाहेक अरू कसैले पूर्वतर्फ बढ्न सकेका थिएनन्। सबभन्दा पहिले वि. सं. १३४४ मा जितारिमल्लले नेपाल उपत्यकामा आक्रमण गरेका थिए। त्यस वेला स्वयम्भूकोडाँडो नजीकै ठूलो लडाइँ भयो। करीव ८०० जति जितारिमल्लका खस सैन्यहरू यस युद्धमा मारिए। तैपनि जितारिमल्ल अगाडि बढ्दैरहे। आखिर केही नलागी यहाँका सारा बासिन्दाहरू रसद लुकाई बनदुर्गभित्रपसे केही-दिनपछि रसद नपाउँदा जितरिमल्ल आफ्नो खस सैन्यकासाथ स्वदेश फर्के।[१८]

वि. सं. २०३२ मा गुरु धनवज्र वज्राचार्यले र श्रीटेकबहादुर श्रेष्ठले पनि अवुठको त्यही पुरानो अर्थ दोहऱ्याउनुभएको छ—

पश्चिमबाट खसिया आए। ने. सं. ४०८ (वि. सं. १३४४) पौषमा जयतारि (जितारिमल्ल) पहिलो पटक पसे। सिम्भूमा आठ सय खसियालाई सिद्ध्याई सारा राष्ट्र वन पस्यो। त्यस कारण खसिया भागे। दुनियाँ आनन्दसंग आफ्नो आफ्नो ठाउँमा बसे। ...[१९]

श्रीहेमराज शाक्यले पनि अवुठको अर्थ आठै सम्झनुभएको रहेछ भन्ने कुरा उहाँका यी वाक्यबाट स्पष्ट भएको छ—

सुदूर पश्चिम कर्णाली प्रदेसया खस राजा जितारि मल्लं नेपाल उपत्यकाय् ने. सं. ४०८ पौष महिनाय् आक्रमण यात। थुगु समय नेपाल उपत्यकाय् राजा अनन्त मल्लं शासन चलय् यानाच्वन। गुगुं राजनैतिक असमानताया कारणं स्वयम्भू डाँडाय् जितारि मल्लया खस सैन्य व नेपाल उपत्यकाया वासिन्दात नाप लडाइँ जुल। थुगु लडाइँलय् ८०० च्यासःति जितारि मल्लया खस सिपाहिंत लाःगु दु। अथे नं जितारि मल्ल हट्य् मजू। थनं लिपा थन च्वंपि समस्त वासिन्दात रसदपानी (नयगु त्वनेगु) वस्तु ज्वनाः वनान्तरय् दुने सुलाच्वन। थुलि जुसेंलि सुं मदु धकाः जितारि मल्ल स्वदेस लिहांवन। खसराजा (खेँय् जुजु) या सिपाहिंत ब्याक्क लिहांवसेंलि थन च्वंपि वासिन्दात स्वयम्भूप्रदक्षिणा यानाः स्वस्थ चित्तं न्हापा थें थः थः पिनिगु थासय् वयाः च्वंवन।[२०]

[सुदूर पश्चिम कर्णाली प्रदेशका खस राजा जितारि मल्लले नेपालउपत्यकामा वि. सं. १३४४ पौष महीनामा आक्रमण गरे। यस समय नेपालउपत्यकामा राजा अनन्त मल्लले शासन चलाइरहेका थिए। राजनीतिको कुनै असमानताको कारणले स्वयम्भूडाँडामा जितारि मल्लको खससैन्य र नेपालउपत्यकाका बासिन्दाको लडाइँ भयो। यस लडाइँमा ८०० आठ सय जति जितारि मल्लका खस सिपाही परे। त्यसो

---

१८. उही पुस्तकको ३ पृष्ठ।

१९. वि. सं. २०३२ मा काठमाडौंबाट त्रिभुवन–विश्वविद्यालयको नेपाल र एशियाली अध्ययनसंस्थानद्वारा प्रकाशित, धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठको *नुवाकोटको ऐतिहासिक रूपरेखा*को २९ पृष्ठ।

२०. वि. सं. २०३५ मा काठमाडौंबाट स्वयम्भूविकासमण्डलद्वारा प्रकाशित, हेमराज शाक्यको *श्रीस्वयम्भू महाचैत्य*को १३२ पृष्ठ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भए पनि जितारि मल्ल हटेनन् । यसपछि यहाँ बस्ने समस्त बासिन्दा रसदपानी लिएर वनान्तरभित्र लुके । यति भइसकेपछि कोही छैन भनेर जितारि मल्ल स्वदेश फर्के । खस राजाका सिपाही सबै फर्किसकेपछि यहाँ बस्ने बासिन्दाहरू स्वयम्भूको प्रदक्षिणा गरेर स्वस्थ चित्तले पहिले जस्तै आआफ्ना ठाउँमा गएर बसे ।]

लहैलहैमा लागी अवुठ भनेको आठ हो भन्ने ठानेर मैले र भाइ दिनेशराजले वि. सं. २०३७ मा यस्तो लेखेका थियौं—

> वि. सं. १३४४ पौषमा जितारि मल्लले यहाँ हमला गर्दा सिम्भूमा आठ सय खसहरूलाई सिद्ध्याएर सबै मानिस वन पसे भनेर *गोपालराजवंशावली*मा लेखिएकोले सिम्भूको जङ्गल वनदुर्गरूपको थियो भन्ने देखिन्छ ।[२१]

सेसिल बेन्डलले डराई डराईकन अवुठ शब्दको आठ भनी अर्थ गरेका थिए भन्ने कुरा माथि लेखिसकिएको छ । तर *गोपालराजवंशावली*मा एक वाक्यअगाडि आठ शब्द आएको र त्यसको लगत्तै आएको वाक्यमा परेको अवुठ शब्दको पनि आठै भनी बेन्डलले गरेको त्यो अर्थ सिल्विं लेविको मनले नखाएकोले उनले बेन्डलको अनुसरण गर्न सकेनन्, यसो भए तापनि अवुठ शब्दको अर्को अर्थ उनको मनमा नफुरेकोले उनले मध्यम मार्ग अपनाई *गोपाल-राजवंशावली*को माथिको वाक्यको उलथा गर्दा अवुठ शब्दको अर्थ जानाजान छुटाई चित्त बुझाएका थिए भन्ने कुरा उनका तलका वाक्यबाट बुझिन्छ—

> ले न्व खसिया जयतारि अँवंत् ले पेइ, अँ ४०८, ओ म्व पौष । ले खसियाज् फ्रिर् मासाक्र; से कि अं रेस्तैत् से रेतिरा ए ले पेइ रेप्रित् सों एता अर्दिनेइर् ।[२२]
>
> [खसिया राजा जयतारिले ४०८ मा पौष महीनामा मुलुकमा हमला गरे । खसियाहरू कत्तल गरिए; बाँकी रहेका जति फर्के र मुलुकमा स्थिति फेरि सामान्य भयो ।]

*गोपालराजवंशावली*को संस्कृतभागको नेपालीमा उलथा योगी नरहरिनाथले गर्नुभएको छ । उहाँले चाहिँ लीगबाट हटेर अवुठ शब्दको अर्थ गर्न खोज्नुभएको थियो भन्ने कुरा उहाँका तलका वाक्यबाट बुझिएको छ—

> वर्ष १२ मास ३ पछि खशिया (खश राजा) आये । राजा जयतारि (अपाडराज जितारिमल्लदेव) ले प्रथम प्रवेश गरेको संवत् ४०८ पौष मासमा हो । स्वयम्भूस्थानमा शिविर हाली वसे, खशिया (खश–खस–षश) अठसठ्ठी (?) शय (सैनिक आयेका देखेर) नेपालराज्यका सबै मान्छे वनमा पसे (खालि भयेको देखेर) खशराजाको सेना गै सके पछि नेपालीहरु स्वस्थ चित्तले स्वस्थानमा आयेर वसे ।[२३]

---

२१. वि. सं. २०३७ मा प्रकाशित *पूर्णिमा* ४५ अङ्कमा छापिएको महेशराज पन्त र दिनेशराज पन्तको *नेपालखाल्डोमा पाल्पाली राजा मुकुन्द सेनको हमला* भन्ने निबन्ध, सो अङ्कका १६–१७ पृष्ठ ।

२२. वि. सं. १९६२ मा पेरिसबाट अर्नेस्त लेरोद्वारा प्रकाशित *ले नेपाल* (नेपाल) को दोस्रो भागको २१६ पृष्ठ ।

२३. *हिमवत्संस्कृति*को १ वर्ष १ अङ्कको २९ पृष्ठ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

योगी नरहरिनाथको यो अर्थ छापिँदा बेन्डलको अर्थ छापिएको ५६ वर्ष भइसकेको थियो तथा गुरु धनवज्र वज्राचार्य र श्रीज्ञानमणि नेपालको अर्थ छापिएको पनि फण्डै पाँच वर्ष भइसकेको थियो। ऐ. शि. बाबुराम आचार्यको अर्थ छापिएको थिएन तापनि उहाँको विचारबाट योगीजी अनभिज्ञ हुनुहुँदैनथ्यो भन्ने कुरा उहाँहरूको नजीकको सम्पर्क भएकोले अनुमान गर्न सकिन्छ। तैपनि आफ्ना पूर्वसूरिहरूको धारणाभन्दा अगाडि योगीजी पुग्नुभयो र उहाँले अवुठको अर्के अर्थ गर्न पुग्नुभयो भन्ने कुरा उहाँको माथिको लेखबाट स्पष्ट भएको छ। बेन्डल जसरी अवुठको अर्थ आठ भनी आफूले गरेकोमा सन्तुष्ट थिएनन्, त्यसै गरी योगीजी पनि अवुठको अर्थ अठसट्ठी भनी आफूले गरेकोमा सन्तुष्ट हुनुहुँदैनथ्यो भन्ने कुरा अठसट्ठीपछि प्रश्नचिह्न लगाउन उहाँ पुग्नुभएकोले स्पष्ट भएको छ।

राल्फ लाइलि टर्नरले भारतीय आर्यभाषाहरूको तुलनात्मक कोष बनाइदिएर भारतीय आर्यभाषाहरूका शब्दहरूको निर्वचन गर्न खोज्नेहरूलाई ज्यादै गुन लाइदिएका छन्। यस कारण उनको कोषको सहायता लिई अवुठ शब्दको अर्थ आठ हो कि अठसट्ठी हो भनी विचार गर्नुपरेको छ।

थरी थरीका भारतीय आर्यभाषाहरूमा अष्ट शब्दको विकार भई बनेका शब्दहरूको जुन फेहरिस्त टर्नरले दिएका छन्, तिनमा अवुठ वा अवुठको नजीकका शब्द नपरेकाले[२४] धेरै जसा ऐतिहासिकहरूले अवुठको अर्थ आठ भनी गरेको विश्वास गर्न निकै अप्ठ्यारो परेको छ।

---

२४. ९४१ अष्ट °ष्टौ 'एट्' आर्‌भी.

पीए. पीके. अट्ठ, निडक्. अठ, ड़ी. ओष्ट्, अश्. ओष्ट्, केटी. उष्ट्, वुष्ट्, डबूल्यूजी. ओष्ट्, वोष्ट्, (काफ्. फर्म्ज् विथ् ष्ट् प्रब्. ← डार्डिक् एन्‌टीएस् १३ २२९), पीआर्. आस्ते, डीएम्. अष्ट्, तिर्. आक्स्ट्, पस्. लौड्. आष्ट, लघ्. अक्स्ट्, शुम्. अँष्ट्, गव्. ओष्ट्, कल्. अष्ट्, खो. ओष्ट् बीएसएचके. अच्, तोर्. कन्द्. मै. सवि आठ्, फल्. अष्ट्, एस्एच्. गिल्. अँष्, कोह्. अष्, पुन्ल्. (लोर्.) अष्ट्, के. ओइठ्, पोग्. आह्ट्, काश्. एठ्, एस्. अठ, एल्. अट्ठ्, अवाण्. खेत्. अठ्, पी. डब्ल्यूपह्. अट्ठ्, कु. एन्. ए. आठ्, बी. आट्, ओर्. आठ, एम्टीएच्. भोज्. अव्. एच्. मारुव. जी. एम्. आठ्, सि. अट।

[वि. सं. २०३० मा लन्डनबाट अक्सफोर्ड युनिभर्सिटी प्रेसद्वारा प्रकाशित राल्फ लाइलि टर्नरको *ए कम्पेरेए-टिभ् डिक्‌शनेरि अफ् दि इन्डो-एरइअन् ल्याङ्‌ग्विजइज्* (भारतीय आर्यभाषाहरूको तुलनात्मक कोष) को दोस्रो आवृत्तिको ४१ पृष्ठबाट। अब यस पुस्तकलाई टर्नर मात्र भनी यसको चर्चा गरिनेछ। छापाखानामा चिह्नहरूको कमीले गर्दा टर्नरको कोषको उद्धरण दिँदा कुनै कुनै चिह्न छुटेका छन्।]

[अष्ट अष्टौ 'आठ' ऋग्वेद।

पालि प्राकृत-अट्ठ, चिनिया तुर्किस्तानमा अरेल स्टाइनले पत्ता लाएका खरोष्ठी अभिलेखहरूको भाषा- अठ, डुमाकी- ओष्ट्, (काफिरी) अश्कुन- ओष्ट्, (काफिरी) कतेइ- उष्ट् वुष्ट्, (काफिरी) वैगली- ओष्ट् वोष्ट्, (काफिरी रूप ष्ट्सँग दरदी भाषाबाट लिइएका होलान्। नोर्स्क् टिड्सक्रिफ्ट् फर् स्प्रोगभिडेन्स्काप्, १३ २२९), (काफिरी)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

योगी नरहरिनाथले अवुठको अर्थ अठसट्ठी भनी गर्न खोज्नुभएको कुरा माथि परिसकेको छ । टर्नरको कोषमा अष्टाषष्टि वा अष्टषष्टिका विकारमा अवुठ वा अवुठको नजीकका शब्द नदेखिएकाले[२५] अवुठको अर्थ अठसट्ठी भन्ने योगीजीको तर्क पनि त्यतिकै अग्राह्य देखिन गएको छ ।

यसरी अवुठ शब्दका आठ र अठसट्ठी अर्थ त्यतिकै अग्राह्य देखिन गएकाले अवुठको अर्थ गर्न अब अर्कै बाटो लिनुपरेको छ ।

मौद्गल्यायन (मोग्गल्लान)को पालिव्याकरणमा

चतुत्थततियानमड्ढुड्ढतिया ३.१०५

भन्ने सूत्र छ । यसको मतलब अड्ढ (अर्ध) शब्ददेखि पर रहेका चतुत्थ (चतुर्थ) शब्दको ठाउँमा अड्ढुड्ढ र ततिय (तृतीय) शब्दको ठाउँमा तिय आदेश हुन्छ भन्ने हो । अर्थात् पालि भाषामा साढे तीन (अड्ढेन

प्रसुन्– आस्ते, (काफिरी दरदी) दमेली– अष्ट्, (दरदी) तिराही– आक्स्ट्, (दरदी) पशइको लौड़ोवानी बोली– आष्ट्, पशइको लघ्मनी बोली– अक्स्ट्, (दरदी) सुमास्ती– अँष्ट्, (दरदी) गवर–बती– ओष्ट्, (दरदी) कलषा– अष्ट्, (दरदी) खोवार– ओष्ट्, (दरदी) बश्करीक– अच्ं, (दरदी) तोरवाली (दरदी) कन्दिया (दरदी) मैयाँ (दरदी) सवि– आठ्, (दरदी) फलूडा– अष्ट्, (दरदी) षिणाको गिलगिती बोली– अँष्, षिणाको कोहिस्तानी बोली– अष्, षिणाको पुनिआली बोली (लोरिमरले भनेको)– अष्ट्, काश्मीरी– ओइठ्, काश्मीरीको पोगुली बोली– आह्ट्, काश्मीरीको कष्टवाड़ी बोली– एठ, सिन्धी– अठ, लहँदा– अट्ठ्, लहँदाको अवाणकारी बोली लहँदाको खेत्रानी बोली– अठ्, पञ्जाबी पश्चिमी पहाडी– अट्ठ्, कुमाउनी नेपाली असमिया– आठ्, बङ्गाली– आट्, उडिया– आठ, मैथिली भोजपुरी अवधी हिन्दी मारवाडी गुजराती मराठी– आठ्, सिंहली– अट ।]

२५. ९५३ अष्टाषष्टि– एफ्. 'सिक्स्टि–एट्' आर्प्रात्., अष्टष° कथास्. [अष्टा, षष्टि–]

पीए. अट्ठसट्ठि–, खर्आई. अढसठि, पीके. अट्ठासट्ठि, अट्ठ°, अड°, के. अरहैठ्, एस्. अठ्–हठि, एल्. अठाइठ्, पी. अठहट्, डबूल्यूपह्. भल्. अठाहठ्, एन्. अड्सठ, ओर्. अठसठि, अव्. लख्. अरठ्इ, एच्. जी. अड्सठ्, एम्. अडसट् ।

(टर्नरको ४२ पृष्ठबाट)

[अष्टाषष्टि– स्त्री. 'अठसट्ठी' ऋग्वेदप्रातिशाख्य, अष्टषष्टि– कथासरित्सागर [अष्टा, षष्टि–]

पालि– अट्ठसट्ठि, *कर्पस् इन्स्क्रिप्टिओनम् इनुडिकारम्* (भारतीय अभिलेख–सङ्ग्रह) को दोस्रो भागको पहिलो खण्डमा परेका मध्य भारतीय आर्यभाषाहरूका रूप– अढसठि, प्राकृत– अट्ठासट्ठि अट्ठसट्ठि अडसट्ठि, काश्मीरी– अरहैठ्, सिन्धी– अठ्–हठि, लहँदा–अठाइठ्, पञ्जाबी– अठहट्, पश्चिमी पहाडीको भलेसी बोली– अठाहठ्, नेपाली– अड्सठ्, उडिया– अठसठि, अवधीको लखीमपुरी बोली– अरठ्इ, हिन्दी गुजराती– अड्सठ्, मराठी– अडसट् ।]

CC-0. Nepal Sanskrit Academy, Kathmandu

चतुत्थो = अर्धेन चतुर्थः) लाई भन्दा अड्ढुड्ढो र अढाइ (अड्ढेन ततियो = अर्धेन तृतीयः) लाई भन्दा अड्ढतियो भन्ने चलन छ ।[२६]

पालिवाङ्मयमा अड्ढुड्ढ शब्दको ठाउँठाउँमा प्रयोग भएको भेटिएको छ ।[२७] उदाहरणको लागि *महावंसो (महावंश)* को एक श्लोक यहाँ अघि सारिन्छ—

अड्ढुड्ढानि सहस्सानि पब्बजुं कुलदारका ।
पब्बजिसु दियड्ढं तु सहस्सं कुलधीतरो ॥[२८]

[साढे तीन हजार (अड्ढुड्ढानि सहस्सानि) कुलपुत्रहरूले प्रवज्या लिए । डेढ हजार (दियड्ढं सहस्सं) कुलपुत्रीहरूले प्रवज्या लिए ।]

---

२६. वि. सं. १९९७ मा बनारसबाट महाबोधि सभाद्वारा प्रकाशित, जगदीश काश्यपको *पालि-महाव्याकरण*को १७६ पृष्ठ ।

२७. अड्ढुड्ढो (याड्ज्.), थ्री यान्ड् ए हाफ् [अर्ध+चतुर्थ] । एबी. ४७७; सीएल्. जीआर् ९५; डीएच्. ११९ । *अड्ढुड्ढानि सहस्सानि*, थ्री थाउजन्ड् फाइभ् हन्ड्रड् (मह्. ७५) ।

[वि. सं. २०३६ मा नयाँ दिल्लीबाट कस्मो पब्लिकेशन्जद्वारा फेरि प्रकाशित, रबर्ट सीजर चाइल्डर्सको *ए डिक्शन्अरि अफ् द पालि ल्याङ्ग्विज्* (पालिभाषाको कोष) को १० पृष्ठबाट)

[अड्ढुड्ढो (विशेषण), साढे तीन [अर्ध+चतुर्थ] । अभिधानप्पदीपिका ४७७; कोलम्बोबाट वि. सं. १८८१ मा प्रकाशित, बेन्जामिन क्लफको *ए कम्पेन्डिअस् पालि ग्यामर्* (पालिको विस्तृत व्याकरण) ९५; धम्मपद ११९, अड्ढुड्ढानि सहस्सानि, तीन हजार पाँच सय (महावंसो ७५) ।]

अड्ढ[१] (यान्ड् अद्ध)

– उड्ढ [सीपी. महाराष्ट्री फर्म् चौट्ठ = एस्के : चतुर्थ] थ्री यान्ड् ए हाफ् । जे. १. ८२; ४. १८०; ५. ४१७, ४२०; डीएच् ए १. ८७; एमएच्भीएस् १२, ५३ ।

[वि. सं. २०३२ मा नयाँ दिल्लीबाट ओरियन्टल बुक्स रिप्रिन्ट कर्पोरेशनबाट फेरि प्रकाशित, टी. डबूल्यू. रीस डेभिड्ज र विलियम स्टीडको *पालि–इङ्ग्लिश् डिक्शन्अरि* (पालि–अङ्ग्रेजी कोष) का १६–१७ पृष्ठबाट]

[अड्ढ (र अद्ध)

– उड्ढ [महाराष्ट्री रूप चौट्ठ = संस्कृत चतुर्थसँग दाँज ।] साढे तीन ।
जातक १. ८२; ४. १८०; ५. ४१७, ४२०; धम्मपदको टीका १. ८७; महावंसो १२, ५३ ।]

२८. *महावंसो (महावंश)* १२।५३

CC-0. Nepal Sanskrit Academy, Kathmandu

त्यही अड्ढुड्ढ शब्द प्राकृतमा खास गरी अर्धमागधीमा आएर अड्ढुट्ठ वा अद्धुट्ठ हुन आएको कुरा प्राकृत-वाङ्मयबाट बुझिएको छ ।[२९]

---

२९. § ४५०. टु एक्सप्रेस् ½ इज् याड्इड् इन् एएम्जी. अद्ध अर् अड्ढ = अर्ध याज् इन् एस्केटी., बिफोर् द नेक्स्ट् हायर् अर्डिनल् (§ २९१) : अड्ढाइज्ज फ्रम् अड्ढ + *तिइज्ज, *तीज्ज = *तिज्ज = अर्धतृतीय (§ ४४९) (२½;) समव्. १५७; जीव्. २६८ २७०. ६६०. ९१७. ९८२, नायाध्. ३४७; पण्णव्. ५१. ५५. ८१. ६११ एफ्.; विवाहप्. १९९. २०२. ७३४. १७८६; नन्दीस्, १९८. २००; कप्पस्.); अद्धुट्ठ फ्रम् अर्ध + *तुर्थ = अर्धचतुर्थ (३½; कप्पस्.); अद्धट्ठम = अर्धाष्टम (७½; (आयार्. २, १५, ६ [सो टु बी रैड्]; कप्पस्. : ओवव्.); अद्धनवम (८½; कप्पस्.); अद्धछट्ठेहिं भिक्खासएहिं (५५०); अड्ढाइज्जाइं °सयाइं (२५०), अड्ढुट्ठाइं °सयाइं (३५०) ...

[वि. सं. २०३७ मा दिल्ली, वाराणसी, पटनाबाट मोतीलाल बनारसीदासद्वारा प्रकाशित, रिखार्ड पिशलले लेखेको, सुभद्र झाले उल्था गरेको *ए ग्र्यामृअर अफ् द प्राक्रत् ल्याङ्ग्विजिज्* (प्राकृतभाषाहरूको व्याकरण) को दोस्रो संस्करणको ३७६ पृष्ठबाट]

[४५० प्रक्रम– आधालाई बुझाउन नजीकको ठूलो पूरणप्रत्ययान्त शब्दमा संस्कृतमा अर्ध जोडे जस्तै अर्धमागधीमा अद्ध र अड्ढ (२९१ प्रक्रम) जोडिन्छ– अड्ढ + *तिइज्ज, *तीज्ज = *तिज्ज = अर्धतृतीयबाट अड्ढाइज्ज, (§ ४४९ प्रक्रम) (२½;) समवायङ्गसुत्त १५७, जीवाभिगमसुत्त २६८. २७०. ६६०. ९१७. ९८२, नायाधम्मकहा ३४७, पण्णवणा ५१. ५५. ८१. ६११ र पछि आउने अरू, विवाहपन्नत्ति १९९. २०२. ७३४. १७८६, नन्दीसुत्त १९८. २००, कप्पसुत्त); अर्ध + *तुर्थ = अर्धचतुर्थबाट अद्धुट्ठ (३½; कप्पसुत्त), अद्धट्ठम = अर्धाष्टम (७½; आयारङ्गसुत्त २, १५, ६ [यसरी पढ्नुपर्ने], कप्पसुत्तः ओववाइयसुत्त), अद्धनवम (८½, कप्पसुत्त), अद्धछट्ठेहिं भिक्खासएहिं (५५०), अड्ढाइज्जाइं सयाइं (२५०), अड्ढुट्ठाइं सयाइं (३५०)]

अद्धुट्ठ – – अर्धचतुष्क – त्रि० । अर्द्धाधिकत्रिषु, प्रश्न० ४ आश्र० द्वा० । कर्म० ।

(वि. सं. १९७० मा रतलामबाट जैनश्वेताम्बरसमस्तसङ्घद्वारा प्रकाशित, दीपविजय र यतीन्द्रविजयद्वारा सम्पादित, विजयराजेन्द्र सूरीश्वरको *अभिधानराजेन्द्र*को पहिलो भागको ५६६ पृष्ठबाट)

[अद्धुट्ठ – अर्धचतुष्क – तीनै लिङ्ग । साढे तीनमा, प्रश्नव्याकरण ४ आश्र० द्वात्रिंशद्द्वात्रिंशिका । कर्मग्रन्थ]

अड्ढुट्ठ वि [अर्धचतुर्थ] साढे तीन; "अड्ढुट्ठाइं सयाइं" (पि ४५०) ।

[वि. सं. १९७९ मा कलकत्ताबाट हरगोविन्ददास त्रिकमचंद शेठद्वारा प्रकाशित, उनको *पाइअ-सद्द-महण्णवो* [प्राकृत-शब्द-महार्णव]को पहिलो खण्डको ३४ पृष्ठबाट]

CC-0. Nepal Sanskrit Academy, Kathmandu

शङ्कराचार्यले बनाएको भनी प्रसिद्ध भएको *सौन्दर्यलहरी*नाउँको शाक्त स्तोत्र छ। त्यो स्तोत्र *आनन्दलहरी* भन्ने नाउँले पनि प्रसिद्ध छ। सुन्दर संस्कृतमा शिखरिणी छन्दमा लेखिएको त्यस स्तोत्रमा एक ठाउँमा अध्युष्ट शब्द आएको छ—

सुधाधारासारैश्चरणयुगलान्तर्विगलितैः
प्रपञ्चं सिञ्चन्ती पुनरपि रसाम्नायमहसा।
अवाप्य स्वां भूमिं भुजगनिभमध्युष्टवलयं
स्वमात्मानं कृत्वा स्वपिषि कुलकुण्डे कुहरिणि॥[३०]

सर्प जस्तो गुडुल्किएको बालःको बयान गर्दा *सौन्दर्यलहरी*मा आएको अध्युष्ट शब्दको व्याख्या गर्दा

भुजगनिभं सर्पाकारतामापन्नम् अध्युष्टवलयं योगाग्निना प्लुष्टवलयम्। 'उष' दाहे इत्युषधातोरधिपूर्वात् क्तप्रत्यये 'ष्टुना ष्टुः' इति ष्टुत्वम्– अध्युष्टम्।[३१]

भनी सौन्दर्यलहरीका एकजना टीकाकार रामले अध्युष्ट शब्दको प्लुष्ट अर्थात् पोलेको भन्ने अर्थ गरे तापनि अर्का टीकाकार नरसिंहले भने

भुजगनिभं सर्पाकारम् अध्युष्टवलयं सार्धत्रिवलयं[३२]

भनी सर्प गुडुल्किएको जस्तो गरी साढे तीन चोटि गुडुल्किएको बालालाई भुजगनिभमध्युष्टवलयं लेखी बुझाइएको हो भन्ने अर्थ गरेकाले अध्युष्ट शब्दको उनले साढे तीन भन्ने अर्थ गरेको स्पष्ट देखिएको छ।

यताबाट साढे तीनको अर्थमा अध्युष्ट शब्द संस्कृतभाषामा देखिन देखिन गएको छ तापनि संस्कृतका कोष-हरूमा अध्युष्ट शब्द सितिमिति नभेट्टाइने कुरा यस प्रसङ्गमा सम्झनुपरेको छ।

पश्चिमी ढाँचामा लेखिएको पहिलो प्रसिद्ध संस्कृत कोष *शब्दकल्पद्रुम*मा अध्युष्ट शब्द दिई साढे तीन भनी त्यसको अर्थ गरिएको छ र *सौन्दर्यलहरी*को सो उदाहरण पनि दिइएको छ। त्यहाँ व्याकरणबाट त्यस शब्दको साधुत्व सिद्ध गर्ने कोशिश पनि गरिएको छ।[३३] जहाँबाट छापिएको हो, त्यस ठाउँको नाउँबाट प्रसिद्ध भएको,

---

३०. *सौन्दर्यलहरी*को १० श्लोक।

३१. वि. सं. २०३१ मा दतियाबाट पीताम्बरा संस्कृतपरिषद्द्वारा प्रकाशित, *आनन्दलहर्यपरपर्यायम् सौन्दर्यलहरीस्तोत्रम् श्रीशङ्कराचार्यविरचितम् तत्र श्रीरामकविविरचितं डिण्डिमभाष्यम्, श्रीगोपालसुन्दरीटीका* च [श्रीशङ्कराचार्यले बनाएको, आनन्दलहरी भन्ने अर्को नाउँ भएको सौन्दर्यलहरीस्तोत्र, त्यहाँ श्रीराम कविले बनाएको डिण्डिमभाष्य र श्रीगोपालसुन्दरीटीका] को दोस्रो संस्करणको १० पृष्ठ।

३२. उही पुस्तकको ९६ पृष्ठ।

३३. अध्युष्टः, त्रि, (अधि+वस्+क्तः, आगमशासविधेरनित्वात् इडागमाभावः। कृत्तद्धितसमासाश्च

CC-0. Nepal Sanskrit Academy, Kathmandu

संस्कृतभाषाको सबभन्दा ठूलो कोष सेन्ट पिटर्सबर्गकोषमा *शब्दकल्पद्रुम*लाई नै प्रमाण मानी अध्युष्ट शब्दको अर्थ दिई *सौन्दर्यलहरी*बाट सोही उदाहरण पनि दिइएको छ।[३४] यसो भए तापनि संस्कृतभाषाको अर्को प्रसिद्ध कोष अर्थात् मोनियर–विलियम्जको कोषमा संस्कृत अर्धचतुर्थबाट बनेको प्राकृत अद्धुट्ठ शब्दको नकली संस्कृत रूप अध्युष्ट शब्द हो भनी अध्युष्ट शब्दको असंस्कृतत्व देखाउन खोजिएको छ तापनि अर्थ र उदाहरणमा भने *शब्दकल्पद्रुम*कै अनुसरण गरिएको छ।[३५] यस प्रसङ्गमा सबभन्दा रमाइलो कुरा त के छ भने संस्कृतभाषाको

अभिधाननियामका इति प्रसिद्धेः।) सार्द्धत्रिसङ्ख्या। ३॥ साढे तिन इति भाषा।

यथा,—

अवाप्य स्वां भूमिं भुजगनिभमध्युष्ठवलयं।

इति आनन्दलहरी॥

(वि. सं. २०२४ मा वाराणसीबाट चौखम्बा संस्कृत सीरीज आफिसद्वारा प्रकाशित, राधाकान्त देवको *शब्दकल्पद्रुम*को पहिलो भागको तेस्रो संस्करणको ४० पृष्ठबाट)

[अध्युष्टः तीनै लिङ्ग (अधि+वस्+क्तः, आगमशासनविधि अनिट् हुने हुनाले इडागमको अभाव। कृदन्त तद्धितान्त र समासान्त पनि अभिधाननियामक हुन् भनी प्रसिद्धि भएकोले। साढे तीनको सङ्ख्या। भाषामा साढे तिन।

जस्तै—

अवाप्य स्वां भूमिं भुजगनिभमध्युष्टवलयं।

भनी आनन्दलहरीमा लेखिएको छ।]

३४. अध्युष्ट आद्ज्ः द्राइ उन्ड् आइन्हाल्ब् (सार्धत्रिसंख्या। साडे तिन इति भाषा) सेकादेएर्. मित् अन्चिहुङ फन् आनन्दल्. १०: अवाप्य स्वां भूमिं भूजगनिभमध्युष्टवलयं स्वमात्मानं कृत्वा.

(वि. सं. १९१२ मा सेन्ट पिटर्सबर्गबाट बुखद्रुकेराइ डेर् कैजरलिखेन अकादेमी देर बिसेनशाफ्टेनद्वारा प्रकाशित अत्तो ब्योतलिङ्क र रुदोल्फ रोथको *संस्क्रत् वोर्टेरबुख्* (संस्कृतकोष) को पहिलो भागको १६० पत्रभागबाट]

[अध्युष्ट विशेषण– साढे तीन (सार्धत्रिसंख्या। साडे तिन इति भाषा) शब्दकल्पद्रुम। आनन्दलहरी १० बाट उद्धरण– अवाप्य स्वां भूमिं भुजगनिभमध्युष्टवलयं स्वमात्मानं कृत्वा]

३५. अध्युष्ट *अध्य्*– उष्ट, एम्.एफ्.एन्. (इन्भेन्टइड् याज् द स्यान्स्क्रिट् रिप्रेजेन्ट्एटिभ् अफ् द प्राकृत् *अद्धुट्ठ*, ह्विच् इज् डिराइभ्ड् फ्रम् *अर्ध–चतुर्थ*), थ्री यान्ड् ए हाफ्। –वलय एम्. फर्मइङ ए रिङ कोइलड् अप् थ्री यान्ड् ए हाफ् टाइम्ज् (याज् ए स्नेक्)।

[वि॰ सं. २०२७ मा दिल्ली वाराणसी र पटनाबाट मोतीलाल बनारसीदासद्वारा प्रकाशित, मोनियर मोनियर–विलियम्जको *ए स्यान्स्क्रिट्–इङ्लिश् डिक्शनरि* (संस्कृत–अङ्ग्रेजीकोष) को २३ पृष्ठबाट।]

[अध्युष्ट अध्य्–उष्ट, पुंलिङ्ग स्त्रीलिङ्ग नपुंसकलिङ्ग, अर्ध–चतुर्थबाट निक्लेको प्राकृत अद्धुट्ठको संस्कृत

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अर्को प्रसिद्ध कोष *वाचस्पत्य*मा भने अध्युष्ट शब्दको नामोनिशानै छैन ।[३६]

संस्कृतमा उपदेश दिंदा पढेलेखेका मानिसहरूमा मात्र आफ्नो विचार सीमित रहने डरले बुद्धले जनसाधारणसम्म आफ्नो विचार पुऱ्याउन लोकभाषामा उपदेश दिएका थिए । यतैबाट पालिवाङमयको उद्भव हुन गएको थियो । लोकभाषा बदलिँदै जाने प्रकृतिको नियम भएको हुनाले पालि भाषा पनि नपढीकन नबुझिने भयो र बुद्धको विचार पनि पछिकालाई दुर्बोध हुन गयो । यस कारण पछिका बौद्ध ग्रन्थकारहरूले पालिमा लेख्नुभन्दा हजारौं वर्षदेखि विद्वद्भाषा भइआएको, व्याकरणका नियमले कसेको र सबैले पढेर जान्ने गरेको संस्कृतमा लेख्नु राम्रो ठाने र बौद्ध वाङमयको संस्कृतमा आविर्भाव भयो । एकातिर संस्कृतव्याकरणका र संस्कृतकोषका नियममा बाँधिएर लेखिएको बौद्ध वाङमय छ भने अर्कोतिर अलि छाडा ढङ्गको र पालि प्राकृत भाषाहरूको प्रभावमा परेको संस्कृतमा लेखिएको बौद्ध वाङमय पनि छ । यस्तो छाडा ढङ्गको संस्कृतभाषालाई एक थरी विद्वान्हरूले बौद्ध सङ्कर संस्कृत भन्ने नाउँ राखेका छन् र त्यसको व्याकरण र कोष पनि बनाएका छन् ।[३७] त्यस्तो बौद्ध सङ्कर संस्कृतभाषामा लेखिएको *महाव्युत्पत्ति*मा साढे तीनलाई भन्दा अध्युष्ट शब्दको प्रयोग भएको कुरा त्यस भाषाको कोषबाट बुझिएको छ ।[३८]

साढे तीनलाई बुझाउने प्राकृतको अड्ढुट्ठ वा अद्धुट्ठ शब्द कुमाउनीमा हुँट्, कोङ्कणीमा अऊट, पुरानो गुजरातीमा अऊठ, गुजरातीमा उठ्, पञ्जाबीमा ऊँटा, बङ्गालीमा आहुठा वा आउट, भोजपुरीमा आँहुठ् वा अँगूठा, पुरानो मराठीमा अउठ, मराठीमा आऊट् वा औट्, हिन्दी काव्यमा अहुठ् र हिन्दीमा चाहिँ हूँठा वा ऊँठामा बदलिएको रहेछ भन्ने कुरा टर्नरको भारतीय आर्यभाषाहरूको तुलनात्मक कोषबाट थाहा पाइएको छ ।[३९] टर्नरको यस सूचीमा मैथिली भाषाको रूप नपरे पनि पुरानो र नयाँ दुवै थरीका मैथिलीमा साढे तीनलाई बुझाउने यस प्रकारका शब्द परेका कुरा यस प्रसङ्गमा उल्लेखनीय छन् ।

प्रतिनिधिको रूपमा बनाइएको), साढे तीन । अध्युष्टवलय पुंलिङ्ग, साढे तीन पटक (सर्प जस्तै) बेरिएको बालाको रूप लिएको]

३६. वि. सं. २०२५ मा वाराणसीबाट चौखम्बा संस्कृत सीरीज अफिसद्वारा प्रकाशित तारानाथ तर्कवाचस्पतिको *वाचस्पत्य*को तेस्रो संस्करणको १४१ पृष्ठ ।

३७. वि. सं. २०३४ मा दिल्ली, वाराणसी र पटनाबाट मोतीलाल बनारसीदासद्वारा फेरि प्रकाशित, फ्र्याङ्कलिन एड्जर्टनको *बुड्इस्ट् हाइब्रिड् स्यान्स्क्रिट् ग्र्यामऱ्र याण्ड् डिक्शनऱ्रि* (बौद्ध सङ्कर संस्कृतका व्याकरण र कोष) का १–२ भाग ।

३८. अध्युष्ट (भार. अर्धुष्ट, सो मिरोनोभ्), एम्., (=पालि अड्ढुड्ढ, एएम्जी. अद्धुट्ठ; फल्स् एस्केटी. इन्स्टेड् अफ् अर्धचतुर्थ), *श्री यान्ड् ए हाफ्* : एम्भीवाइ ८१७२ ।

(फ्र्याङ्कलिन एड्जर्टनको *बुड्इस्ट् हाइब्रिड् स्यान्स्क्रिट् डिक्शनऱ्रि*को १८ पृष्ठबाट)

[अध्युष्ट (पाठान्तर– अर्धुष्ट, मिरोनोभकोमा त्यसरी लेखिएको छ ।) पुंलिङ्ग (= पालि अड्ढुड्ढ, अर्धमागधी अद्धुट्ठ; अर्धचतुर्थको सट्टाको बनावटी संस्कृत शब्द), साढे तीन : महाव्युत्पत्ति ८१७२ ।]

३९. ६४९ अर्धचतुर्थ – 'श्री यान्ड् ए हाफ्' सुश्रु. [अर्ध–[२], चतुर्थ–]

पीए. अड्ढुड्ढ–, पीके. अड्ढुट्ठ–, अद्ध्° (स्यान्स्क्रिटाइज्ड् याज् अध्युष्ट–), पी. ऊँटा, कु. हुँट्, ब्री. आहुठा, आउट, भोज्. आँहुठ्, अँगूठा (=अङ्°?), एच्. हूँठा, ऊँठा, पइट्. अहुठ्, ओजी. अऊठ, जी. उठ्, उठाँ, एन्. पीएल्.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पुरानो मैथिलीमा साढे तीनलाई अहुठ शब्दले बुझाएको कुरा मैथिलीको सबभन्दा पुरानो पुस्तक *वर्ण-रत्नाकर*बाट बुझिएको छ—

।। अथ शयनवर्ण्णना।। सफुर चित्रशाली एक देवराजगृह ततसमान. तकराँ भीतर हाथिक दान्तक पवा. मानिकक पांसि. मरकतक शिरवा. सोनाक पटा. स्फटिक. दण्डा. पद्मरागक दण्डिया. अहुठ हाथ दीर्घ. अढाय हाथ फाण्ड. सेजओट एक पालु.[४०]

ओछ्यानको बयान गरी ज्योतिरीश्वरले लेखेको यस प्रकरणमा ओछ्यानको लम्बाइ अहुठ हाथ अर्थात् साढे तीन हात फांचचाहिँ अढाय हाथ अर्थात् अढाइ हात हुनुपर्ने लेखिएको बुझिन्छ ।

यही अहुठ शब्दको आदिवर्ण अको लोप भई पछि हुट्ठा शब्द बन्यो र हुट्ठाले पनि अहुठले जस्तै मैथिलीमा साढे तीनलाई बुझाउने गरेको कुरा सुभद्र झाको मैथिली भाषाको बनोट भन्ने पुस्तकबाट स्पष्ट भएको छ ।[४१]

'टेब्ल्ज् अफ् मल्टिप्लिकेशन् बाइ ३½'; ओएम्. औठ, एम्. आऊट्, औट्; आउट्कें एन्. '३½ अर् एन्ड् मल्टिप्ल् देर्अफ्'; को. अऊट (कत्रे एफ्ओके १६१ ∠ *अर्ध-तूर्थ-) ।

(टर्नरको २९ पृष्ठबाट)

[६४९ अर्धचतुर्थ 'साढे तीन' सुश्रुत (अर्ध, चतुर्थ)

पालि- अड्ढुड्ढ, प्राकृत-अड्ढुट्ठ, अद्धुट्ठ, (अध्युष्ट पारी संस्कृत बनाइएको), पञ्जाबी- ऊँटा, कुमाउनी-हुँट्, बङ्गाली- आहुठा आउट, भोजपुरी- आँहुठ् अँगूठा (=अङ्गूठा ?), हिन्दी-हूँठा ऊँठा, काव्य- अहुठ्, पुरानो गुजराती - अऊठ, गुजराती- उठ्; उठाँ नपुंसकलिङ्ग बहुवचन '३½ को दुनोट'; पुरानो मराठी- अऊठ, मराठी- आउट्, औट्, आउट्कें नपुंसकलिङ्ग '३½ वा त्यसको जुनसुकै अपवर्त्य'; कोङ्कणी- अऊट (सुमित्र मङ्गेश कत्रेको द फर्मेशन् अफ् कोङ्कणी (कोङ्कणीको बनोट) १६१ (*अर्ध+तूर्थबाट निस्केको) ।]

४०. वि. सं. १९९७ मा कलकत्ताबाट रोयल एशियाटिक सोसाइटी अफ बङ्गालद्वारा प्रकाशित, सुनीतिकुमार चाटुर्ज्या र बबुआ मिश्रद्वारा सम्पादित *वर्ण-रत्नाकर*को १४ पृष्ठ ।

४१. ३३. याफ्अर्एसिस्

लस् अफ् अन्याक्सेन्ट्इड् भाउअल्ज् इन् दि इनिश्अल् सिल्अब्ल् थ्रू द प्रोसेस् अफ् याफ्अर्एसिस्:-

अ- हुट्ठा (अहुठ, मी. आर्. १९), एम्आइए. *अद्ध+अउट्ठ, ओआइए. अर्धचतुर्थ-, अध्युष्ट- इज् बान् इन्स्टन्स् अफ् फल्स् स्यान्स्क्रिटिज्म्...

[वि. सं. २०१४ मा लन्डनबाट ल्युजाक यान्ड कम्पनी, लिमिटेडद्वारा प्रकाशित, सुभद्र झाको द फर्मेशन् अफ् द *मैथिली ल्याङ्ग्विज्* (मैथिली भाषाको बनोट)को ६६ पृष्ठबाट]

[३३. आदिवर्णलोप

उठानको अक्षरमा झोक्का नभएको स्वरको आदिवर्णलोपको नियमद्वारा लोप—

अ- हुट्ठा (अहुठ, वर्णरत्नाकर १९), मध्य भारतीय आर्यभाषा- *अद्ध+अउट्ठ, प्राचीन भारतीय आर्यभाषा- अर्धचतुर्थ अध्युष्टचाहिँ बनावटी पाराले संस्कृत पारेकोको दृष्टान्त हो ।]

CC-0. Nepal Sanskrit Academy, Kathmandu

प्राचीन हिन्दी काव्यमा अहुठ वा अहूँठ शब्द साढे तीनको अर्थमा लेखिएका केही उदाहरण यस प्रसङ्गमा दिनु जरूर अप्रासङ्गिक ठहरिनेछैन–

अवधू अहूँठ परबत मंझार

–गोरख[४२]

अहुठ हाथ तन सरवर हिया कवँल तेहि माँह ।
नयनहिं जानहुं नीअरे, कर पहुँचत अवगाह ।

–जायसी[४३]

भीतर तें बाहर लौं आवत ।
घर आंगन अति चलत सुगम भयो देहरी में अँटकावत ।
अहुठ पैर बसुधा सब कीन्ही धाम अवधि बिरमावत ।

–सूर[४४]

जब मोहन कर गही मथानी ।
कबहुंक अहुठ परग करि बसुधा कबहुंक देहरि उलँघि न जानी ।

–सूर[४५]

हूठा (साढे तीन)को दुनोट पाठशालामा घोकाइन्थ्यो र त्यसरी घोकाउँदा एक हूठा हूठा, दो हूठे सात, तीन हूठे १०$\frac{१}{२}$, ४ हूठे १४ आदि भनेर भन्ने चलन थियो ।[४६]

---

४२. वि. सं. २०२३ मा इलाहाबादबाट किताब महलद्वारा फेरि प्रकाशित, भोलानाथ तिवारीको *हिन्दी भाषा*को दोस्रो संस्करणको ६०३ पृष्ठ । अब यस पुस्तकलाई तिवारी भनी यसको चर्चा गरिनेछ ।

४३. वि. सं. १९७१ मा काशीबाट काशी–नागरी–प्रचारिणी सभाद्वारा प्रकाशित, श्यामसुन्दरदास, बालकृष्ण भट्ट, रामचन्द्र शुक्ल, अमीरसिंह, जगन्मोहन वर्मा र भगवानदीनको *हिंदी–शब्दसागर*को पहिलो खण्डको २०२ पृष्ठ ।

४४. उही ।

४५. उही ।

४६. अँगरेजीराज के पहले व्यवहार के बहुत से हिसाब मुँहजवानी हो जायँ इस के लिये हिंदुस्तान में पौना, सवैया, डेढा, अढइया, हूठा, धौंचा, और पौंचा कंठ किए जाते थे । अब भी बनिएं अपने लडकों को पौना, सवैया और डेढा तो जरूर ही सिखाते हैं ।

पौने में संख्या $\frac{३}{४}$, सवैए में $\frac{५}{४}$, डेढे में $\frac{३}{२}$, अढैए में $\frac{५}{२}$, हूठे में $\frac{७}{२}$, धौंचे में $\frac{९}{२}$, और पौंचे में $\frac{११}{२}$ गुनी रहती है । ४ पौने ३, ४ सवाई ५, ४ डेढे ६, ४ अढाई १०, ४ हूठे १४, ४ धौंचे १८ और ४ पौंचे २२ होते हैं ।...

पौना, सवैया, डेढ़ा, अढ़इआ, क्रम से पादोन, सपाद, अध्यर्ध, और अध्यर्धद्वि संस्कृत शब्द के अपभ्रंश तो

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यताबाट साढे तीनलाई बुझाउने पालि अड्ढुड्ढ वा प्राकृत अड्ढुट्ठ/अद्धुट्ठबाट नव्य भारतीय भाषाहरू-मध्ये कोङ्कणीमा अऊट, पुरानो गुजरातीमा अऊठ, बङ्गालीमा आहुठा वा आउट्,[४७] भोजपुरीमा आँहुठ, पुरानो मराठीमा अऊठ, मराठीमा आउट् वा औट्, पुरानो मैथिलीमा अहुठ, पुरानो हिन्दीमा अहुठ वा अहूँठ रूप देखिएकाले हाम्रो *गोपालराजवंशावली*मा परेको अवुठ शब्दको अर्थ समेत धेरै ऐतिहासिकहरूले गरेको आठ वा योगी नरहरिनाथले गर्नुभएको अठसट्ठी नभई साढे तीन भएको कुरा स्पष्ट भएको छ ।

यस कारण वि. सं. १३४४ मा जितारि मल्लले नेपालखाल्डोमा हमला गर्दा सिम्भूमा ८०० वा ६८०० खस सिपाहीको संहार भयो भनी ऐतिहासिकहरूले लेखेको कुरा गलत सिद्ध हुन गएको छ र त्यस बेला त्यहाँ खालि ३५० खस सैनिक स्रोतर भएका थिए भन्ने कुरा प्रमाणित भएको छ । यसैले वि. सं. १९६० देखि फैलिरहेको भ्रम अहिले आएर वि. सं. २०४१ मा ८१ वर्षपछि हटाउन सकिएको छ भनी भन्दा बढ्ता बोलेको अवश्य ठहरिनेछैन ।

साफ साफ मालूम होते हैं पर अध्यर्धत्रि, अध्यर्धचतुः और अध्यर्धपञ्च के अपभ्रंश हूठा, धौंचा और पौंचा के होने में कुछ संशय होता है, शायद संस्कृत के शब्द कुछ प्राकृत में बिगड़े फिर प्राकृत के वे शब्द और बिगड कर हिंदी में हूठा, धौंचा और पौंचा हुए हों ।

जब से गावें गावें में तहसीली स्कूल जारी हुए हैं तब से पौना, सवैया, ··· सिखाने की चाल उठ गई है अब लड़कों को कुछ पहाड़े सिखा दिए जाते हैं ।

(वि. सं- १९६७ मा बनारसबाट प्रकाशित, सुधाकर द्विवेदीको *गणित का इतिहास*का ६८–६९ पृष्ठबाट । श्रीरुक्मनाथ पौडेलले सुधाकर द्विवेदीका यी वाक्यमा मेरो दृष्टि लगाइदिनुभएको हो ।)

५.२.२.८. अहुठ, हुट्ठा (३½) — इनका प्रयोग अब प्रायः नहीं होता। 'अहुठ' का प्राचीन हिन्दी-साहित्य में ३½ के अर्थ प्रयोग मिलता है। अभी हाल तक स्कूलों में, कुछ क्षेत्रों में हुट्ठा या हूँठा (एक हूँठा हूँठा, तो हूँठे सात, तीन हूँठे १०½ आदि) याद कराया जाता रहा है। सं० अर्द्ध–चतुर्थ > प्रा० *अड्ढचतुट्ठ > अड्ढुट्ठ > संस्कृतीकृत रूप 'अध्युष्ठ' > हि० अहुठ । 'हुट्ठा' का संबंध अध्युष्ठ+क से ज्ञात होता है। डॉ० वर्मा अर्द्ध–चतुर्थ > *अड्ढचतुट्ठ > *अड्ढअउट्ठ > *अड्ढउट्ठ > अहुठ रूप में इसका विकास मानते हैं। प्रयोगः अवधू अहूँठ परवत मंझार — गोरख ।

(तिवारीको ६०३ पृष्ठबाट)

४७. टर्नरले बङ्गालीमा अकारान्त आउट रूप दिए तापनि, बङ्गालीभाषी भाषाशास्त्री सुनीतिकुमार चाटुर्ज्याले भने पहिलेबाट आउट लेखी टको अ हटाउने चिह्न दिएकाले [वि. सं. २०३२ मा कलकत्ता, इलाहाबाद, बम्बई र दिल्लीबाट रूपा यान्ड कम्पनीद्वारा फेरि प्रकाशित, सुनीतिकुमार चाटुर्ज्याको *दि अरिजिन् यान्ड् डिभेल्-अप्मेन्ट् अफ् द बेन्गलइ ल्याङ्ग्विज्* (बङ्गाली भाषाको उत्पत्ति र विकास)को २६९ प्रक्रम (४९३ पृष्ठ), ३०२ प्रक्रम (५५४ पृष्ठ)] लेख्दाखेरि आउट लेखे पनि बोल्दाखेरि आउट् बोल्ने चलन रहेछ भनी ठानेर माथि हकारान्त रूप देखाइएको हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

लक्ष्मीनरसिंह मल्लको अप्रकाशित ताम्रपत्र

– महेशराज पन्त

तल छापिन लागेको ताम्रपत्रको माइक्रोफिलम नेपाल राष्ट्रिय अभिलेखालयमा ई १७४०/१० सङ्ख्यामा छ। त्यस ताम्रपत्रबाट तात्कालिक इतिहासमा केही प्रकाश पर्ने हुनाले त्यसको पाठ यहाँ उतारिएको छ।

पशुपत्ति

१. ९ स्वस्ति ।। श्रीश्रीजयलक्ष्मीनरसिंहमल्लदेव प्रभु ठाकुलसन श्रीयंबुभूमौ येतराछेटोर क्वथुन-

२. निछेंगृहवास्तव्यविप्रश्रीत्रिपुरदासउझाब्राह्मणनाम्ने प्रसादीकृत ˎ स्थानस्य पूर्वदिशि प्र-

३. देशे षुरक्वाथक्षत्रनामसंज्ञकं ˎ जथाचात्राघातन दुं क्वाथ तु नेगोड दु कु ६० ब्या कु ६० चौदि-

४. सं वा मुरि ६०० षुश्र सक्व बु वाळा वा मुरि ६० थ्वते सक्व संकल्प याङ प्रसर्न जुया थ्वतेस प्रसेख दं-

५. क्व श्रीश्रीराजया जुरो ˎ मारो प्रस्थावस थ्वते भुया पादसि बिस्यन रिकाय दु ˎ थ्वते भाखाया दृष्टसा[१]

६. रत्नसिंह बाबु तेषुसिंह बाबु वासुदेव रुद्रसिंह देव रायजु विश्वभर राजा जसराम शिव-

७. दास उपाध्या ।। सम्वत् ७५७ ज्येष्ठकृष्णः द्वादशी शुभ ।।[२]

यम्बु (काठमाडौं शहरको उत्तरी भाग अर्थात् मखनदेखि ठहिटीसम्मको प्रदेश र दक्षिणी भागमा पर्ने टेबहाल-समेतको प्रदेश)[३] मा पर्ने येतराछेटोलको क्वथुननिको घरमा बस्ने त्रिपुरदास उझा (झा) भन्ने कुनै ब्राह्मणलाई

---

१. मूलमा क्षी टुटेको छ।

२. दण्डपछि देवनागरीको उ, अनि पुरानो नेवारीको १ को अङ्क, फेरि उ, फेरि १ जस्ता देखिने बुट्टा छन्।

३. वि. सं. २०३१ मा काठमाडौंबाट त्रिभुवनविश्वविद्यालयको नेपाल र एशियाली अध्ययनसंस्थानद्वारा प्रकाशित *कन्ट्रिब्युशन्स् टु नेपालिज् स्टड्इज्* (नेपालविषयक विद्यासम्बन्धी लेख) को १ वर्ष २ अङ्कमा छापिएको गौतमवज्र वज्राचार्यको *यङ्गल, यम्बु* भन्ने निबन्ध, सो अङ्कका ९१–९५ पृष्ठ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

खुरक्वाथ (खुरकोट) मा जग्गादान दिई काठमाडौँका राजा लक्ष्मीनरसिंह मल्लले ने. सं. ७५७ (वि. सं. १६९४) ज्येष्ठकृष्णद्वादशीको दिन यो ताम्रपत्र गरिदिएका हुन् ।

शिवसिंह मल्ल परलोक भएपछि उनका जेठा नाति लक्ष्मीनरसिंह मल्ल काठमाडौँका राजा भए। कान्छा नाति सिद्धिनरसिंह मल्लले चाहिँ पाटन अँठ्याए।[४] पछि वि. सं. १६७७ फागुन १५ गतेको दिन यी दुइ दाजुभाइले सन्धि गरेका थिए।[५] यही सन्धि लक्ष्मीनरसिंह मल्लको पहिलो लिखतको रूपमा देखा परेको छ।

ने. सं ७५७ (वि. सं. १६९३) माघशुक्लपञ्चमी बृहस्पतिवारको शिलालेखमा लक्ष्मीनरसिंह मल्ल र उनका छोरा प्रताप मल्ल राजाको रूपमा देखा परेका छन्।[६] ने. सं ७५७ (वि. सं. १६९४) वैशाखशुक्लद्वितीयाको शिलापत्रमा प्रताप मल्लको मात्र राजाको रूपमा चर्चा आएको छ।[७] यसको तीन दिनपछिको ने. सं. ७५७ (वि.सं. १६९४) वैशाखशुक्लपञ्चमी बुधवारको शिलापत्रमा भने लक्ष्मीनरसिंहको राजाको रूपमा चर्चा आएको छ।[८] अहिले प्रकाश गरिएको ताम्रपत्रमा अर्थात् ने. सं ७५७ (वि. सं. १६९४) ज्येष्ठकृष्णद्वादशीको ताम्रपत्रमा पनि लक्ष्मीनरसिंह मल्ल मात्र राजाको रूपमा देखा परेका छन्। यसको एक वर्षपछि ने. सं. ७५८ (वि. सं. १६९५) ज्येष्ठकृष्णत्रयोदशी बृहस्पतिवारको दिन सारिएको एउटा पुस्तकमा भने बाबुछोरा दुवै जना राजाको देखाइएका छन्।[९] ने. सं. ७५९ (वि. सं. १६९६) ज्येष्ठशुक्लपूर्णिमाको दिनको शिलापत्रमा पनि बाबुछोरा दुवै राजाको रूपमा देखाइएका छन्।[१०] ने. सं. ७५९ (वि. सं. १६९६) ज्येष्ठकृष्णनवमी शुक्रवारको शिलालेखमा भने बाबुचाहिँ मात्र राजाको रूपमा देखिएका छन्।[११] फेरि ने. सं. ७६० (वि. सं· १६९६) मार्गशुक्लत्रयोदशी बृहस्पतिवारको दिन सारिएको

---

४. वि. सं. २०१९ मा ललितपुरबाट जगदम्बा–प्रकाशनद्वारा प्रकाशित, धनवज्र वज्राचार्य, रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, गौतमवज्र वज्राचार्य, महेशराज पन्त, नयनाथ पौडेलको *इतिहास–संशोधनको प्रमाण–प्रमेय*को मूल भागका १६–१७ पृष्ठ ।

५. वि. सं. २०२१ मा काठमाडौँबाट नेपाल सांस्कृतिक परिषद्द्वारा प्रकाशित, रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्यको *ऐतिहासिक–पत्रसंग्रह* २ भागका १–१०, ११२ पृष्ठ ।

६. वि. सं· २०२१ मा प्रकाशित *पूर्णिमा* ३ अङ्कमा छापिएको, गौतमवज्र वज्राचार्यको *प्राचीन मूर्तिकलाको विषयमा* भन्ने निबन्ध, सो अङ्कको १७ पृष्ठ ।

७. वि· सं. २०२३ मा कलकत्ताबाट फर्मा के. एल. मुखोपाध्यायद्वारा प्रकाशित, डिल्लीरमण रेग्मीको *मेड्इईभल् नेपाल्* (मध्यकालको नेपाल) को २ भागको ६० पृष्ठ ।

८. उही पुस्तकको ५८ पृष्ठ (५ सङ्ख्याको सामग्री) ।

९. उही पुस्तकको ५९ पृष्ठ ।

१०. वि. सं. २०२७ मा काठमाडौँबाट श्री ५ को सरकार शिक्षामन्त्रालय पुरातत्त्वविभागको राष्ट्रिय अभिलेखालयद्वारा प्रकाशित, शङ्करमान राजवंशीको *कान्तिपुर–शिलालेख–सूची*को ६५ पृष्ठ (८९ अभिलेख-सङ्ख्या) ।

११. वि. सं. २०३० मा काठमाडौँबाट मोहनप्रसाद खनालद्वारा प्रकाशित, उनैको *मध्यकालीन अभिलेख*को

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पुस्तकमा भने बाबुको नाउँ नलिई छोरालाई मात्र राजाको रूपमा देखाइएको छ।[१२] ने. सं. ७६१ (वि. सं. १६९८) वैशाखशुक्लद्वादशी सोमवारको शिलालेखमा भने बाबुछोरा दुवै राजाको रूपमा देखा परेका छन्।[१३] ने. सं. ७६१ (वि. सं. १६९८) आषाढशुक्लसप्तमी सोमवारको शिलापत्रमा चाहिँ बाबुचाहिँ मात्र राजाको रूपमा देखाइएका छन्।[१४]

वि. सं. १६९३ देखि १६९८ सम्मका यी दशवटा लिखतमध्ये राजाका रूपमा चारवटामा बाबुछोरा दुवै, चार-वटामा बाबु मात्र र दुइवटामा चाहिँ छोरा मात्र देखाइएका छन्। तिनमा पनि बाबुको मात्र नाउँ परेका चारवटा लिखतमध्ये दुइवटा लिखत राजकीय हुन् भन्ने कुरा यहाँनिर याद राख्नुपर्छ। यसो भएकोले हनूमान्ढोकादरबारमा त्यस बेला गद्दीको लागि बाबुछोरामा झगडा चलिरहेको थियो भन्ने कुरा देखिन गएको छ। यस झगडामा छोराको जित भयो भन्ने कुरा प्रताप मल्लले भीम मल्लको मदत लिई ने. सं. ७६१ (वि. सं. १६९८) भाद्रशुक्लपञ्चमी बुधवारको दिन बाबुलाई कैद गरे भनी तात्कालिक टिपोटमा लेखिएकोबाट[१५] र ने. सं. ७६१ (वि. सं. १६९८) को प्रताप मल्लको मोहर पाइएकोले[१६] भएको छ।

---

४५ पृष्ठ (१६ सङ्ख्याको अभिलेख)। पशुपति आर्यघाटबाट सिँढी उक्लँदै मृगस्थलीतिर लाग्दा दायाँपट्टि परखालभित्र रामचन्द्रमन्दिरको पूर्वपट्टि एउटा शिवालय छ। त्यस शिवालयको आँगनमा निकै शिवलिङ्ग छन्। तिनमध्ये एउटामा यो अभिलेख कुँदिएको छ। तर यो अभिलेख साह्रै खिइएकोले सबै अक्षर पढ्न सकिँदैनन्। मोहनप्रसाद खनालले तिथिमिति ज्येस्त कृष्ण नसि शुक्रवार भनी पढ्नुभएको छ। मूलमा ज्येष्ठकृष्णनमि शुक्रवार देखिन्छ।

१२. *मेड्इईभल् नेपाल्*को २ भागको ६० पृष्ठ।

१३. *पूर्णिमा*को यही अङ्कको २८ पृष्ठमा छापिएको महेशराज पन्तको *लक्ष्मीनरसिंह मल्ल र प्रताप मल्लको पालाको अप्रकाशित शिलालेख* भन्ने निबन्ध।

१४. *इतिहास-संशोधन*को *प्रमाण-प्रमेय*को मूल भागको ८१ पृष्ठ।

१५. वि. सं. २०३१ मा कीर्तिपुरबाट त्रिभुवनविश्वविद्यालयको नेपाल र एशियाली अध्ययनसंस्थानद्वारा प्रकाशित, धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठको *दोलखाको ऐतिहासिक रूपरेखा*को ४० पृष्ठ।

१६. वि. सं. २०१९ मा ललितपुरबाट जगदम्बा-प्रकाशनद्वारा प्रकाशित, सत्यमोहन जोशीको *नेपाली राष्ट्रिय मुद्रा*को ७८ पृष्ठ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

लक्ष्मीनरसिंह मल्लको र प्रताप मल्लको पालाको अप्रकाशित शिलालेख

– महेशराज पन्त

हचु मतटोलको तंमुनारायण अर्थात् नान्जुको मन्दिरमा पूर्वाभिमुख भई रहेको गरुडमूर्तिको पादपीठमा यो अभिलेख कुँदिएको छ। वि. सं. १९९४ मा पिताजी नयराज पन्तले काठमाडौंका अभिलेखहरूको सङ्कलन गर्ने क्रममा आफ्नो कापीमा यस अभिलेखमा परेका राजाको नाउँ र तिथिमिति टिप्नुभएको थियो। मैले वि. सं. २०३८ मा मूलबाट पूरा अभिलेख पढेको थिएँ । अहिले फेरि रुजु गरेर छाप्दैछु ।

१. ꣼ नमः श्रीविष्णुनारायनाय ।। स्वस्ति ।। श्रीकाष्ठमण्डप ् महानगराधिपति रविवंशोद्भव ‥

२. राजाधिराज श्रीश्रीलक्ष्मनल्लसि मल्लदेव ् तस्य पुत्र श्रीश्रीपतापमल्लदेव ् उभय ् ठाकुलस्य ‥

३. विजयराज्य ् ।। दानपति श्रीटंमुगुडितोरओ ध्वाखाविहारे ् राछे ् यौतागेहाछे ् शुखुर्रिसिंह

४. भारोया उद्यना ङङाव ् मांर्नसिंह भारोन ् तस्य भातृ ् मनोहर्रासिंह भारो ् तस्य माता ् × म-

५. गलिलक्ष्मि ् त्रिउभयस्यनं × कमन याङनं श्री ३ नारायनजु अग्लस्थाणे । श्री ३ गरुडनारायनजु

६. थापना याङा गुरो ।। अद्य नेपालाब्द ् शशिकुमारवदनसागरयुते ् वैसाखशितपक्षद्वाद-

७. स्या च ् उर्त्तफाल्गुणऋक्षयुते व्याघ(ात)जोगे वासर सोमवार ् राशौ मेखरास्यां भास(क)रे ्

८. निसिपति ् कंन्यरास्यां गते चन्द्रमसि ।। सम्वत ७६१ वैशाखशुक्लद्वादशमि

९. दिन कुन्हु श्री ३ गरुडना(रा)यनजु थापना ‥ याङनं जगेपतिस्था याङन

(दायाँपट्टि छेउमा)

सम्पूर्ण्णा याङा जुरो ।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

श्री ५ पृथ्वीनारायण शाहले टऊटि कर्मीलाई लेखेको अप्रकाशित पत्र

–दिनेशराज पन्त

स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का– –
आगे टऊटि कर्मिको पाटनको घर षेत गाऊगाऊको स्मेत बक्स्यौ.
सम्वत १८२१ साल सुभ्मं

(यस पत्रको नकल काठमाडौं लगतफाँट पोका नं. २८ प. नं. २ ग सि. नं. ३२५९ मा छ। यो पत्र सारेर ल्याइदिने श्रीरुक्मनाथ पौडेललाई धन्यवाद छ।)

युवराज प्रतापसिंह शाहले श्रीकृष्ण पाठकलाई लेखेका तीन अप्रकाशित पत्र

–दिनेशराज पन्त

(१ सङ्ख्या)

१. स्वस्ति श्रीमन्महाराजाधिराजकुमारयुवराजकस्य रुक्का – – – – – –
२. आगे श्रीकृष्ण पाठकप्रति. कल्ह्यारि बस्न्या घरवारि नेवारकि दिदि पाटनमाहा
३. थिइ. परिवार बाटुलो गर्छु भनि बक्साइकन लिन गयाको हो भनि दरोगा गंगाधर
४. पाध्याले बिन्ति गऱ्या. ताहा तुम्रा केटाले पक्र्याको छ गरे. बक्साइकन गयाको भया
५. बुझाबुझ गर र सौंपिदेउ. सम्वत्त १८२२ चैत्रवदि १० रोज ५ शुभम् – –

CC-0. Nepal Sanskrit Academy, Kathmandu

(२ सङ्ख्या)

१. स्वस्ति श्रीमन्महाराजाधिराजकुमारयुवराजकस्य रुक्का — — — — — —
२. आगे श्रीकृष्ण पाठकप्रति. याम्या लामाकन मुरि ३ गहुं बक्स्यौं. पत्र देषत देउ स-
३. र्वथा. इति सम्वत्त १८२३ आषाडवदि ११ रोज ४ शुभम् — — — — —

(३ सङ्ख्या)

१. स्वस्ति श्रीमन्महाराजाधिराजकुमारयुवराजकस्य रुक्का — — — — —
२. आगे श्रीकृष्ण पाठकप्रति. जाहा इदार षनावन मानिस चहियो. टोषा फुर्सि-
३. षेलमहा कालीमाटि षंन्या प्रजा छन्. षंन्या कोदालि लियेर जना १० कन पठाइदे-
४. उ. चांडै भारि २० नलसमेत पठाइदेउ. सम्वत्त १८२३ माघशुदि १२ रोज ३ शुभं

(यी तीनै पत्रका नकल परराष्ट्रमन्त्रालयको ४८ सङ्ख्याको खाममा छन् ।)

श्री ५ पृथ्वीनारायण शाहले श्रीकृष्ण पाठकलाई लेखेको अप्रकाशित पत्र

—दिनेशराज पन्त

१. स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का — — — — — —
२. आगे श्रीकृष्ण पाठकप्रति. भेमसेन कार्किको रांगो १ सर्कार लाग्योथ्यो. तेस्को
३. साटो क्रमारा कमारि १ बक्स्यौं. तांहा वैरिका जानबच्चा पक्रीकन सौंपिदेउ. सम्व-
४. त् १८२३ भाद्रवदि ९ रोज ५ शुभं — — — — — — —

(यस पत्रको नकल परराष्ट्रमन्त्रालयको ६ सङ्ख्याको खाममा छ ।)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

वि. सं. १८२४ मा श्रीकृष्ण पाठकको नाममा भएको अप्रकाशित सवाल

–दिनेशराज पन्त

१. श्रीकृष्ण पाठकको मतालबको सवाल

सवाल सहि

२. सर्कारको फर्माइस्. तनुषा महीममहा सन्र्याकन किरियाषर्च घाषर्च भरि-
३. मकद्दर अरु आइ उपतिले तार्नु. अरु उपतिले नतऱ्या महसुलका रुपै-
४. याले तार्नु. सर्कारबाट कागत् बुझिकन कमारा कमारि धान चावलको तनु-
५. षासिवाइ महसुलमहा मोजरा दिनु. इति सं १८२४ आषाडकृष्ण २ रोज १ मुकाम
६. कीर्तिपूर शुभम् ——————————

(यस पत्रको नकल परराष्ट्रमन्त्रालयको ४८ सङ्ख्याको खाममा छ।)

श्री ५ पृथ्वीनारायण शाहले नैजराम मेधासीलाई लेखेको अप्रकाशित पत्र

–दिनेशराज पन्त

१. स्वस्ती श्रीगीरीराजचक्रचुडामणीनरनारायणत्यादी–
२. वीवीधविरुदावालिविराजमानमानोन्तश्रीमन्नमाहा–

CC-0. Nepal Sanskrit Academy, Kathmandu

३. राजधीराजश्रीश्रीश्रीपृथ्वीनारायणशाहाबहादुरसंसेर –
४. जंगदेवानाम सदा सम्वरविजईनाम
५. आगे नंजराम मेदासोके नुवाकोट हाम्रा अमाल भयाका दिन तिमोला-
६. ई बक्याको प्रधीने नेपालया राजाको प्रधान प्रमान्नेले बस्याको नुवाकोट-
७. को सरको बितों र घर १ तिमोले बनायाको घर १ को पुर्व पदेरा जा-
८. न्या बाटो छतिवनको रुख बाटो साध पसीं सडक जोरपाटी काठमूनि-
९. को बाटो साध उत्तर रोषीस्वरको थान रंकरबारीको साध दखीं हा-
१०. म्रो बगैंचाको बारको सादभीत्रको घरबारी र देविटोलको घरको
११. पुर्व सडकको साध पसीं बारीको ठुलो कांला साध उत्तर बाहुन-
१२. को बिर्ताको साद दखीं सानु गल्छी बाटो साधभीत्रको र गोर्खा
१३. हटियाथोकको तिम्रो घरबारीस्मेत बिर्ता बितलब गरी डायक-
१४. रमार्फत गरीबक्स्यौं. बिर्ताबितलब जानि तिम्रो दरसन्तान-
१५. प्रजेन्त सुखभोग गर. ईति सम्वत १८२७ साल आश्वीकृष्ण ७
१६. रोज ५ सुभं मुकाम कान्तीपुर सहर

(नुवाकोट जिल्ला श्रीभैरवी गा. पं. वा. नं. ९ तीनघरे बस्ने श्रीनारायण बहादुर खँड्काले वि. सं. २०३६ ज्येष्ठ २६ गते नुवाकोटमालमा पेश गरेको नकल)

वि. सं. १८२९ मा अङ्ग्रेजका प्रतिनिधिसँग भेट गर्न नेपाली प्रतिनिधि जाँदा भएको खर्चको अप्रकाशित लगत

दिनेशराज पन्त

१. सम्वत् १८२९ मिति वैशाषशुदि ११ रोज ३ छपरामा गुल्टेन साहेबको
२. सलाम गर्न जादां षर्च गयाको लेषो ।।
३. सुनका मॉहिद्रमलो ५ सलाम गर्दा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

४. रुपाको मोहिंद्रमलि १० ५[1]
५. बाटमा सबैले षायाको सिक्का ७।।
६. भारि बोक्न्या बयल्के सिक्का २।।
७. काहारके १
८. नावमा आलमाल पठाउंदा मलाहाके सिक्का १।।
९. उमरा कृस्त्यानके सिक्का ५
१०. ५७।।
११. संवत् १८२९ मिति आषाडशुदि २ रोज ५ छपरा जांदा षर्च भयाको
१२. काहार जना ४ के सिक्का ८
१३. मार्कु क्रिस्त्यानके सिक्का २
१४. नावकन मलाहाके सिक्का २ मार्फत् आसा
१५. जैकर्न बिरामि हुंदा बोकि ल्या-
१६. उन्या तुराहाके सिक्का १।।
१७. पतुरिया नचाउंदा सिक्का ६
१८. प्रायश्चित्य गर्दा दक्षिणा २
१९. रटनाहस्ते सिक्का १
२०. हांडिसाहेबका मस्याल्चिके १
२१. नवादादेषि पेटारि बोकि ल्याउ-
२२. न्या तुराहाके सुका १
२३. बाटमाहां षान षर्च लाग्याको
२४. सबैलाइ सिक्का ७
२५. जम्मा ३०।।।

(पछिल्तिर पछि लेखेको)

सम्वत् १८२९ सालमा छपरामा गुल्टेन साहेबसित मुलाकाद गर्न जादा षर्च भयाको

(यो लगत परराष्ट्रमन्त्रालयको १८२ सङ्ख्याको खाममा छ)

---

१. यस ठाउँमा *बिबिके सलामि* लेखी पछि काटिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

श्री ५ पृथ्वीनारायण शाहले काजी कालु पाँडेलाई जागीरको रूपमा दिएको जग्गाको अप्रकाशित फाँट

–दिनेशराज पन्त

श्रीदुर्गाज्यू १

१. श्री ५ बडामहाराजाबाट नवाकोट अंमल् नहुदै मुल्
२. कजाजी कालु पाँडेलाइ बक्सनुहुदा जागीर पर्‍याको
३. दुइ षेत् चालीस् मुरी र चालीस् पैंतालीस् रुपैया
४. उठन्या घर्तिगांउ १

(पछिल्तिर पछि लेखेको)

नुवाकोट् अम्बल् नहुदै काजी कालु पाडेलाइ बक्सेको जागीर घर्तिगाउको उठ्ति फाट्

(यो फांट परराष्ट्रमन्त्रालयको १८० सङ्ख्याको खाममा छ ।)

श्री ५ पृथ्वीनारायण शाहले भारादारहरूलाई दिएको जग्गाको अप्रकाशित फाँट

–दिनेशराज पन्त

१. चैत्रशुदि ५ रोज ३ लिग्लिगका
२. नगत् षतृका षुडा २ बिस ७ कुरो बस्यो.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

३. मंज्या थापाका षुड्रा २ षेत बिस ९ कुरो बस्यो.
४. कस्क्याल् कार्किका षुँड्रा २० षेत ६ कुरो बस्यो.
५. षेत १० सानि पलांति निधि मल्लके बक्स भयो.
६. षेत ५ षुर्पाजुं भगिरथ थापाके बकस भयो.
७. षेत ६ सल्ह्यांन अग्निधर थापाके बकस भयो.
८. षेत ३ वांहांबल षंड्काके बक्स भयो.
९. षेत ५ समेतः ताप्ल्याथुम बलि राउल्के
१०. षेत १० दांसि सेरोफेरोसमेत वर्न थापाके बक्स भयो.
११. षेत २३ षुवा ६ जीउनपुर बधुवा थापाके जागिर बक्स भयो.
१२. षेत ९ फोगटपुर सेरोफेरोसमेत नारान् महतके जागि-
१३. र बकस भयो.
१४. षेत १३ गजुरि सेरोफेरोसमेत मोतिराज कार्किके
१५. जागिर बकस भयो.
१६. षेत ९ धन्राज कटुवालके
१७. षेत ९ नर्सि बोर्गटिके
१८. षेत ३ नारान् थापाके
१९. षेत ३ राक्स्याके
२०. एति षोल्यागांउमहा जागिर बकस् भयो.
२१. षेत १३ सिकर्ब्यांसि सेरोफेरोसमेत जागिर
२२. बकस भयो बुद्धिबल कंवरके
२३. षेत २० ज्याँवित्या सेरोफेरोसमेत गर्डु साहि-
२४. के जागिर बकस भयो.
२५. षेत ७ सल्ह्याना धनै भंडारिके जागिर बकस भयो.
२६. महांकाल इश्वर बस्न्यातको षायल षेत १२ सेरोफेरो बाहादु-
२७. र साहिके जागिर बकस भयो.
२८. काटाकुटि षेत ७ मागा षेत ३ जामा षेत १० किनहरि थापाके सेरो-
२९. सहित जागिर बकस भयो.
३०. सिरूवा रानाको षायल ज्यादुलको बिस ४ जितु थापाको षयल

CC-0. Nepal Sanskrit Academy, Kathmandu

३१. दुम्सिरिको बिस ६ नंदमनि षवासको षायल ज्यादुल बिस ६ जा-
३२. मा षेत ३ मळुवाको दुवारसमेत जोषु भंडारिके बकस भयो. शुभं
३३. रामचंद्र बानिञाको षायल निम्याल बिस ६ दुम्सिरि बिस ४
३४. फिनामको बिस ६ जामा षेत ३ स्यार्तान्को दुवारसमेत अट-
३५. ल् भंडारिके बकस भयो. शुभं
३६. लाटु लामाको षायल षेत बिस ९ महाँसि भंडारिके जागि-
३७. र बकस भयो. शुभं

(पछिल्तिर पछि लेखेको)

लीग्लिगमा बीर्ता बकस् पाउनेहरुको नामनामासि र बकस् षायाको फाट्

(यो फाँट परराष्ट्रमन्त्रालयको १८१ सङ्ख्याको खाममा छ ।)

[विभिन्न समयमा सङ्ग्रह गरिएका यी पत्र हाल प्रेसमा पठाउन हुने गरी साफी गरिदिने श्रीमनोज राजोपाध्यायलाई धन्यवाद छ ।]

CC-0. Nepal Sanskrit Academy, Kathmandu

(क्रमागत)

ऐ. शि. बाबुराम आचार्यले रचना गर्नुभएको

नेपालको संक्षिप्त इतिहास

सम्पादक– देवीप्रसाद भण्डारी

[स्वर्गवासी ऐ. शि. बाबुराम आचार्यले रचना गर्नुभएको यस *इतिहास*का १–२ परिच्छेद वि. सं. २०३१ मा प्रकाशित *पूर्णिमा* ३१ अङ्कका १५१–१६१ पृष्ठमा, ३–४ परिच्छेद वि. सं. २०३१ मै प्रकाशित *पूर्णिमा* ३२ अङ्कका १९७–२०६ पृष्ठमा, ५–६ परिच्छेद वि. सं. २०३७ मा प्रकाशित *पूर्णिमा* ४७ अङ्कका १–९ पृष्ठमा, ७–८ परिच्छेद वि. सं. २०३७ मै प्रकाशित *पूर्णिमा* ४८ अङ्कका १–८ पृष्ठमा छपाएको थिएँ । १० परिच्छेददेखि १६ परिच्छेदको ५ प्रक्रमसम्मको कापी मसँग थिएन । यसैले ९ परिच्छेद, १६ परिच्छेदको बाँकी भाग र १७ परिच्छेद वि. सं. २०३८ मा प्रकाशित *पूर्णिमा* ४९ अङ्कका १–२० पृष्ठमा छपाएँ । अनि १८ परिच्छेददेखि २० परिच्छेदको १४ प्रक्रमसम्म वि. सं. २०३८ मा प्रकाशित *पूर्णिमा* ५० अङ्कका १–२५ पृष्ठमा र २० परिच्छेदको १५ प्रक्रमदेखि २१ परिच्छेदसम्म वि. सं. २०३८ मै प्रकाशित *पूर्णिमा* ५१ अङ्कका १-१० ष्ठमा छपाएको थिएँ । अहिले आएर २२ परिच्छेद वि. सं. २०४१ मा *पूर्णिमा*को ६० अङ्कमा छपाएको छु ।]

बाइसौँ परिच्छेद

बहादुर शाहको मुखत्यारी ? (१)

भेरी नदीसम्म राज्यविस्तार र भोटसँगको पहिला युद्ध

(ई. सं. १७८५–१७८८)[1]

१। ई. सं. १७७९ मा[2] काठमाडौँबाट भाग्दा बहादुर शाहलाई राजेन्द्रलक्ष्मीका सैनिकहरूले दपेटा दिएका हुनाले तानसेनमा मुकुन्द सेनको शरण लिन पुगेका थिए । परिस्थितिका गडबडले यस समयसम्म यिनको विवाह भएको थिएन । यिनको योग्यता र सौन्दर्य देखेर मुकुन्द सेनले यिनीसँग आफ्नो नातिनीको विवाह गरिदिने अठोट गरे ।

---

१. वि. सं. १८४२–१८४५ । २. वि. सं. १८३६ मा ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

घरज्वाइँ भएर विवाह गर्नामा बहादुर शाह राजी नभई पटनामा गएर बसेका थिए । तैपनि भविष्यको विचार राखेर महादत्त सेनले यिनीसँग मित्रभाव राखी धनको सहायता गर्दै रहे । बहादुर शाहले आफ्ना राज्यका कामलाई नभुली तीर्थयात्राका साथसाथै जुम्लादेखि गढवालसम्मका रियासतहरूको राजनैतिक परिस्थिति जाँचिरहेका थिए । पटनामा रहेर अङ्ग्रेजहरूको परिस्थिति पनि राम्ररी बुझेका थिए ।

नुवाकोटबाट बलभद्र शाह फर्कँदा राजेन्द्रलक्ष्मीले कातरपनाको दोष लगाई काठमाडौँमा बोलाएर यिनको कज्याइँ झिकी बहादुर शाह आदिलाई हपारेकी थिइन् । तर यिनका कुटिल स्वभावदेखि दच्केर बहादुर शाह आदिले सोचविचारमा धेरै समय लगाउँदा अनेक शपथ खाई बहादुर शाह र दलजित् शाहलाई वृत्ति पठाउन थालिन् । यिनका सल्लाहकार भीम खत्रीका सिफारिशले १ कम्पनी सैनिकको तैनाथ र तराईको हाकिमी पाई एक वर्ष जति-पहिले नै स्वरूपसिंह कार्की महोत्तरीमा आएर बसेका थिए। राजेन्द्रलक्ष्मीलाई कास्कीमा अधिकार गर्न हतार लागेको हुनाले त्यहाँ आक्रमण गर्नालाई मुख्य सेनापति गराउनाका निमित्त काठमाडौँमा यिनलाई झिकाइन् । केही दिनपछि वंशराज पाँडे पनि काठमाडौँमा आएर त्यस काममा मुख्य सेनापति हुने अधिकारको दावा गरे । यसरी दुइ काजीमा हानथाप पर्दा राजेन्द्रलक्ष्मीले वंशराज पाँडेलाई राजभवनमा नै कैद गरिन् । युद्धका समयमा राजधानीमा नै भारादारहरूका बीचमा कलह चलेका र त्यो कलह सह्यालन राजेन्द्रलक्ष्मीले नसकेकी हुनाले वंशराज पाँडे थुनिएको खबर सुन्नेवित्तिकै बहादुर शाह र दलजित् शाह काठमाडौँतिर लागे । तर यिनीहरू आइनपुग्दै राजेन्द्रलक्ष्मीले रातका बीचमा राजभवनकै बगैँचामा वंशराज पाँडेलाई कटाइदिइन्(२१ अप्रिल १७८५) ।[३] बहादुर शाह आइपुग्दा एक सुयोग्य भारादार अनाहकमा मारिएको देखेर दिक्क भए । तर राजेन्द्रलक्ष्मीसँग विरोध गर्ने शक्ति र समय नभएको हुनाले चूपचापसँग उनका आज्ञाकारी मुखत्यार भए ।

२। तनहुँमा रहेका नरु शाह, अभिमानसिंह बस्न्यात र देवदत्त थापासमेत तीन काजीहरूमा मुख्य सेनापति बन्नाका निमित्त आपसमा द्वेष चलिरहेको थियो । त्यहाँ स्वरूपसिंह कार्की थपिंदा द्वेषको मात्रा बढ्ने हुनाले बहादुर शाहले तिनलाई पनि पठाई मुख्य सेनापति गराएर दलजित् शाहलाई पठाए। यी चौतारा पुगेपछि काजीहरूको झगडा मेटिन गई एकचित्त भएर जूनका मध्यमा[४] कास्कीमा आक्रमण गरे । तीन दिनका बीचमा मामली लडाइँ गरी यस रियासतमा आफ्नो अधिकार जमाए। त्यहाँका राजा सिद्धिनारायण शाहले आफ्ना सैनिक र हातहतियार धन दौलतसमेत नुवाकोटमा लगी त्यहाँका राजा अरिदमन शाहसँग मिलेका थिए । कास्की दखल भएका तेस्रा दिन गोरखाली सैन्यले त्यहाँ पनि आक्रमण गरेर कास्की र नुवाकोटका संयुक्त सैन्यलाई हराई नुवाकोट रियासतमा समेत अधिकार जमाए ।

कालीगण्डकीदेखि पूर्वपट्टिका भीरकोट आदि सानासाना रियासतका राजाहरूलाई बहादुर शाहले अभयको वचन दिएर नेपाल राज्यका आश्रयमा आओ भन्ने सन्देश पठाएका थिए । नुवाकोट, ढोर, गरहुँ र पयुँका राजाहरूले कीर्तिबम मल्लको पक्ष लिएर परबतमा जाँदा बहादुर शाहले कास्की र नुवाकोट आदि चार रियासत नेपाल राज्यमा मिलाई कालीगण्डकीसम्म सीमाना पुऱ्याए । सतहुँका राजा भूपनारायण शाह, भीरकोटका राजा चक्रपति खान र रिसिंगका राजा वेणीप्रसाद सेन नेपाल राज्यका सगुता बन्न आएका हुनाले यिनीहरूलाई लिएर अभिमानसिंह बस्न्यात काठमाडौँमा आए। शान्ति कायम गराउनाका निमित्त दलजित् शाह तनहुँमा रहे । यिनीहरूले जितबाजीको पुरस्कार प्रशस्त पाए। स्वरूपसिंह कार्की कास्की र नुवाकोटका शासनका काममा रहे,

---

३. वि. सं. १८४२ वैशाख १२ गते । ४. वि. सं. १८४२ जेठ निगल्दो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

तर दुइ महीना पनि नपुग्दै अगस्तका आरम्भमा[५] राजेन्द्रलक्ष्मी र बहादुर शाहका आज्ञानुसार पोखरामा तिनको शिर छुट्टचाइयो । शायद वंशराज पाँडेलाई मराएको र अगाडि ध्वजवीर सेनसंग मिलेको अपराध लगाइएको थियो ।

३। कालीगण्डकीसम्म अधिकार भएपछि यस गण्डकीपारका चौबीसी रियासतहरूमा अधिकार गर्ने उद्योग बहादुर शाहले थालिहाले । पृथ्वीनारायण शाहले यी रियासतहरूलाई पश्चिम र उत्तरतिरबाट घेर्नाका निमित्त सल्याना, जाजरकोट र जुम्लाका राजाहरूसँग मित्रसम्बन्ध गरेका थिए । बहादुर शाहले यस सम्बन्धलाई फेरि मजबूत गराएर पाल्पाली राजा महादत्त सेनसँग पनि एकानमित्र एकानशत्रु मान्ने शर्त गरेर मित्रसम्बन्ध गरे । यो सम्बन्ध बलियो गराउनाका निमित्त ई. सं. १७८६ का जनवरीमा[६] पाल्पामा गई महादत्त सेनकी छोरीसँग विवाह गरेर आए । परबत गुल्मी आदिका राजाहरू पनि यसै तरहसँग आफ्ना आश्रयमा ल्याउने प्रयत्न गर्दा परबतका राजाका एक भाइ रमेश मल्ल र गुल्मीका सर्दार शशिधर खत्री आदि केही भारदार र सेनापतिहरू फुटेर नेपालमा आए । तर गुल्मी, अर्घा, खाँची, मुसिकोट, धुरकोट, इस्मा, गलकोट, प्युठाना र दाँगका राजाहरू परबतका राजा कीर्तिबम मल्लसँग मिली गोरखाली सैन्यसँग मुकाबिला गर्न तयार भए ।

यस समयमा राजेन्द्रलक्ष्मीलाई रोगले ग्रस्त गरेको हुनाले हावापानी बदल्न भनी गोरखामा रणबहादुर शाहलाई समेत लिएर बसेकी थिइन् । पाल्पाबाट यहीँ बहादुर शाह आएर भारादारहरूको पजनी गरे । परबतको रियासत जितिएपछि अरू रियासत सजिलैसँग मिचिने हुनाले यस रियासतमा दुइतिरबाट आक्रमण गर्ने निश्चय गरी जीव शाह र दामोदर पाँडे भर्ना गरे । जीव शाहका सहायकमा शिवनारायण खत्री र दामोदर पाँडेका सहायकमा जगजित् पाँडे काजी भए । रामकृष्ण राणा, अमरसिंह थापा आदि सर्दार र कम्पनीहरू यिनै दुइ फाँटमा बाँडिए । रसद र गोलीगट्ठा चलाउने काममा दलजित् शाह तनहुँमा बसे । यस युद्धका समयमा गोरखामा नै रहने बहादुर शाहको विचार थियो । तर राजेन्द्रलक्ष्मीले नमान्दा रणबहादुर शाहसमेतलाई लिएर काठमाडौँमा आए । मईका आखिरमा[७] जीव शाहले रिडीघाटमा कालीगण्डकी तारी गोरखाली सैनिक गुल्मीमा लगे । सात दिनका बीचमा विनालडाइँले नै यस रियासतमा अधिकार जमाए र चन्द्रकोटमा छाउनी बनाए । यताबाट यिनले र कास्कीबाट दामोदर पाँडेले समेत एकै समयमा परबतका राजधानी वेनी शहरमा आक्रमण गर्ने निधो थियो । यस कारणले गुल्मी दखल भएको खबर पाउनेबित्तिकै गोरखाबाट दामोदर पाँडे पनि रमाना भए ।

४। गोरखामा रहेर बहादुर शाहले पजनी गर्दा आफ्ना अनुकूलका भारादारहरू भर्ना गरेका हुनाले राजेन्द्रलक्ष्मी भित्रभित्र जलेकी थिइन् । आफ्ना कुटिल स्वभावअनुसार मनको भाव दबाएर काठमाडौँमा उत्री दामोदर पाँडे गोरखाबाट नहिँडेसम्म चूपचाप रहिन् । ती रमाना भएको खबर आउनेबित्तिकै रणबहादुर शाहका अङ्गरक्षक सैनिकदलका अफिसर बन्धु रानालाई गुप्त रीतिले अह्राई राजभवनभित्रै बहादुर शाहलाई पक्रेर मुगलानमा गई रहनू भन्ने आज्ञा दिइन् । बर्सादमा तराईको औलो लाग्ने हुनाले दलमर्दन शाहका सिफारिशले बर्सादभर ललितपुरका फर्पिङ शहरमा नजरबन्द रही हिउँद लागेपछि नेपाल छोडे हुन्छ भनी मञ्जूरी दिइन् । बहादुर शाह त्यहाँ गएर

---

५. वि. सं.१८४२ श्रावणको अन्त्यतिर । ६. वि. सं. १८४२ माघमा । ७. वि. सं. १८४३ ज्येष्ठको मध्यतिर ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मुकाम गरेका तेह्रौं दिन काठमाडौंमा राजेन्द्रलक्ष्मीको स्वर्गवास भयो (१४ जुलाई) ।[८] यी परलोक भएपछि शासनको बागडोर दलमर्दन शाहले लिए । तर राजेन्द्रलक्ष्मीको काजक्रिया गर्नामा बहादुर शाहको मात्र अधिकार छ भनी गजराज मिश्रज्यूले आग्रह गर्दा दलमर्दन शाहले पनि उनलाई बोलाए । १२ वर्षका रणबहादुर शाहले काकालाई देखेर छाँद हाल्दा दलमर्दन शाहले शासनको बागडोर उनका हातमा सौंपिदिए । यस तरहसँग २२ दिन बर्खास्त भई बहादुर शाह स्वतन्त्र मुखत्यार बने ।

महारानी राजेन्द्रलक्ष्मी बडो शानसँग शासनको काम गर्दथिन् । यिनका हँसिला मुहार र रसिला वचनका प्रभावले यिनका विरोधी पनि सामुन्नेमा पुगेपछि सच्चा सेवक बन्दथे । तर चञ्चल र शङ्काधारी स्वभाव हुनाले बेमौकामा राज्यका हितैषी भारादारको नाश गरिदिन्थिन् । यस कारणले यिनका शासनकालमा नेपाली राष्ट्रका उन्नतिको वेग रोकिएको थियो । कालीगण्डकीसम्म राज्यविस्तार यिनका शासनकालमा भए तापनि बलभद्र शाह, वंशराज पाँडे र बहादुर शाहका योग्यताले भएको थियो ।

५। काठमाडौंमा भएका बहादुर शाहका गिरफ्तारीले युद्धक्षेत्रमा गएका सेनापतिहरूमा बडो बेचैनी फैलियो । दामोदर पाँडे पोखरामा पुगेर टक्क अडिए । दलजित् शाह स्याङजामा पुगिरहेका थिए । तिनले जीव शाह र तिनका साथमा रहेका सैन्यलाई दिलासा दिएर गुल्मीमा थामिराखे । गुल्मीमा रहेका गोरखालीहरूको संहारका निमित्त अर्घा र इस्मामा कीर्तिबम मल्लले दुइ दल सैन्य तयार गरी राखेका थिए । बहादुर शाहले फेरि मुखत्यारी लिएको खबर पाउनेबित्तिकै जीव शाहले एकातिर शिवनारायण खत्रीलाई र अर्कातिर अमरसिंह थापालाई पठाई ती दुवै रियासतका सैन्यदललाई छिन्नभिन्न पारिदिए। परबतमा आक्रमण गर्नाका निमित्त दामोदर पाँडे पनि बढेर काली-गण्डकीका तीरमा पुगे । इस्मापट्टिबाट जीव शाहले परबत रियासतभित्र सैन्य हुलेका दिन दामोदर पाँडेले डुङ्गाबाट आफ्नो सैन्य कालीगण्डकीपार लगे । परबतेहरू बडा वीर थिए । तर जितको आशा टुटेको हुनाले एक हजार जति सैनिक मात्र लडाइँमा मर्न मार्न तयार रहेका थिए । तालीमी र बेतालीमी गोरखाली सैनिक ४ हजार जति पुगि-सकेका थिए। बागलुंगका लडाइँमा केवल ४५ गोरखाली र २ सय जति परबते सैनिक परेपछि कीर्तिबम मल्ल भागे र रियासत छोडिदिए (२५ सितम्बर) ।[९]

चौबीसी रियासतहरूको मुटु परबत थियो । यो फुटेपछि यसका आडमा रहेका गुल्मी आदि सात रियासत सोतर भई त्यहाँका राजाहरू पनि भागे । प्युठानाका राजा मोतीचन्दले मुकाबिला गर्न सैनिक तयार राखेका थिए । यसै महीनामा जीव शाह र दामोदर पाँडेसमेत त्यसतिर बढे । वादीकोटमा नाम मात्रको मुकाबिला गरी प्युठानी सैनिक भाग्दा मोतीचन्द पनि स्युराजमा गएर पहाडप्रदेश छोडिदिए । सल्यानामा राजा कृष्ण शाहको सत्कार लिई दामोदर पाँडेले दांगको राजधानी छिल्लीकोटमा प्रवेश गरे । त्यहाँका राजा नवावसिंहले मुकाबिला नगरी नुगलानको बाटो पक्रे । सल्यानाबाटै जीव शाहले भेरी पार गरी जाहारीमा जाजरकोटका राजा गजेन्द्र शाहसँग भेट गरे । जाहारी, रोल्पा आदि नाम मात्रका साना साना रियासतका राजाहरूले शत्रुको पक्ष लिएका हुनाले तिनमा जीव शाहले अधिकार गरे (नवम्बर) ।[१०]

६। वर्तमान युगका आरम्भमा फुटेका नेपाल राज्यका टुक्राहरूमा सेसाँत र किराँतका टुक्राहरू मिलाएर

---

८. वि. सं. १८४३ श्रावण २ गते । ९. वि. सं. १८४३ आश्विन १३ गते । १०. वि. सं. १८४३ कार्तिकतिर ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पृथ्वीनारायण शाहले नयाँ नेपाल राज्यको जग बसालिसकेका थिए। तर मगराँतका टुक्राहरू (चौबीसी रियासत)-लाई समेत मिलाएर पुरानो नेपाल राज्य कायम गर्न तिनले भरमगदूर गर्दा पनि सफल हुन सकेका थिएनन्। यस कामको बाधक पालपा र परबतका राजाहरूका गठबँधाइ थियो। यसलाई तोडी मगराँतका रियासतहरूलाई मासेर भेरी नदीसम्म नेपाल राज्यको साँध लगाउन समर्थ हुँदा बहादुर शाहले ई. सं. १७८७ का फरवरीमा[११] मित्र राजाहरूलाई बोलाएर बडो उत्सव मनाए। पालपाली राजा महादत्त सेनलाई रणबहादुरका हातबाट गहना र हात्ती घोडा आदिसमेत पुरस्कार दिई गुल्मी, अर्घा र खाँचीका रियासत सौँपिदिए। सल्यानी राजा कृष्ण शाहका प्रतिनिधि भएर युवराज रणभीम शाह आएका थिए। यिनलाई रुकुम, मुसिकोट (पल्लो), माल्नेटा र फलावांगका साना रियासतहरू र दांगको ठूलो रियासतसमेत सौँपिदिए। जाजरकोटका राजा गजेन्द्र शाह, भीरकोटका राजा चक्रपति खान, सतहुँका राजा भूपनारायण शाह र रिसिंगका राजा वेणीप्रसाद सेनलाई भेरीपारका जाहारी आदि साना साना रियासत बाँडिदिए। गजेन्द्र शाहले ४ रियासत र अरूले एक एक रियासत पाए। जुम्लाका राजा चक्रसुदर्शन शाहका प्रतिनिधि भएर ज्याम विष्टज्यू आएका थिए। जुम्ला र परबतका बीचको ठिनीनामक हिमालको बस्ती यिनलाई दिए।

महादत्त सेनले गुल्मी आदिका राजालाई उनका रियासत थामिदिएका हुनाले यिनीहरू शान्त रहे। परबतका राजा कीर्तिबम मल्ल मुगलानामा पुगी अङ्ग्रेज जनरल सर आयर कूटसँग गुहार मागे। उताबाट निराश हुनुपर्दा उहीँ ठण्डा भए। स्युराजमा बसेका मोतीचन्दले अवधका नवाब आसफुद्दौलासँग गुहार मागे। स्युराजका निमित्त बाँसीका जमीनदारले पनि आफ्नो दावा देखाए। बहादुर शाह पनि यो तराई छोड्न चाहँदैनथे। यस कारणले छोकर्लसिंह बस्न्यात र जगजित् पाँडेलाई बुटवलतिरबाट सैनिकका साथ पठाई मोतीचन्दलाई भगाए (अगस्त)।[१२] नवाब आसफुद्दौलाले स्युराजबाट सलामीका तवरमा केही रुपियाँ पाउँथे। यस कारणले गोरखालीसँग मुकाबिला गर्न तयार हुँदा महादत्त सेन मध्यस्थ भई त्यो तराई नेपालसरकारलाई दिलाए। दांगका राजा नवाबसिंहले धुरकोट आदिका भगुवा राजाहरूलाई मिलाई चौघरा–माढीमा रहेका सल्यानीहरूलाई घेर्दा प्युठानाबाट सुबा हस्तदल शाह गएर हटाई सल्यानीहरूलाई बचाए। यहाँपछि पाल्पा, सल्याना र जाजरकोटमा समेत नेपालसरकारका कम्पनीहरू बसेर त्यहाँका राजाहरूलाई पूरा तवरसँग सगुता बनाए।

७। भोटका टकका विषयमा प्रतापसिंह शाहका समयमा सम्झौता भए तापनि मिसाहा चाँदीका टक रद्दी गराउनामा वा दर घटाउनामा भोटसरकार र व्यापारीहरूसमेत राजी नभई अज्यौली खोज्न लागे। भोटसरकारले नेपालबाट गएका मालमा नियमविरुद्ध महसूल लगाउन शुरू गरे। व्यापारीहरूले नेपालका सीमानापट्टि चामलसँग सटही गर्न ल्याउने नूनमा कसर मिसाउन लागे। सटहीको दर पनि दोबर गराइदिँदा नेपालका रैतीको पनि हानि हुन लागेको थियो। राजेन्द्रलक्ष्मीका समयमा लेखापढी हुँदा भोटका सरकारले युद्ध गर्ने हाँक दिएका थिए। यस तरहका गडबडले १०।१२ वर्षसम्म व्यापार खलबलिँदा बहादुर शाहले पनि मौका ताकिरहेका थिए।

भोटमा चीनको राजनैतिक अधिकार चङ्गेज खानका समयदेखि चलिआएको थियो। तर चीनका सम्राट्हरू भोटका लामाहरूलाई धर्मगुरु मान्दथे। छिङवंशका तेस्रा सम्राट् छयाङ लुङ्ले डिगर्चाका टसी लामा पाल्देन येशेलाई ई. सं. १७७९ का[१३] आफ्ना जन्मोत्सवमा पेकिनमा बोलाउँदा उहीँ यी लामाको देहान्त भयो। यिनका भाइ स्याम्हर्पा लामा थिए। टसी लामाका अवतारको तलाशी हुँदा यी डिगर्चासा थिए। पछि अवतार सम्झिएका

---

११. वि. सं १८४३ फागुमा। १२. वि. सं. १८४४ भाद्रतिर। १३. वि. सं. १८३६ का।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

बालक लामाका संरक्षकले धनमालको बुझबुझारत गर्दा मठको सारा धन स्याम्हर्पाले लुकाएको ठहराई यिनलाई कैदमा ठोसे । कुनै युक्तिबाट उम्की ई. सं. १७८७ का जुलाईका मध्यमा[१४] केरुंगमा आई यिनले नेपालसरकारसँग शरण मागे । बहादुर शाहले काजी रणजित् पाँडेलाई लिन पठाई स्वागत गरेर काठमाडौँमा राखे । भोटका शासकहरूले यिनलाई फिर्ता माग्दा शरणको मरण हुँदैन भन्ने जवाफ दिए । स्याम्हर्पाले लाखौँ रुपियाँको धनमाल लगेका छन् भन्ने भोटसरकारलाई भान परेको थियो । यस कारणले उनीहरू रिसले चूर भए । एक वर्षभर एकातिर दुवै सरकारले लेखापढी चलाइरहे; अर्कातिर युद्धको सामान ठीक गरिरहे । लक्ष्मीनरसिंह मल्लका राज्यकालमा कुती र केरुंग प्रदेश नेपालीले फिर्ता लिए तापनि त्यहाँ रहेका भोटिया बासिन्दालाई हटाएका थिएनन् । यिनीहरू भोटका पक्षमा रहनु स्वाभाविकै थियो । यिनैका सहायताले ई. सं. १७८८ का मईतिर[१५] भोटका सैनिकले यी दुइ प्रदेशमा अधिकार गरिदिए । मुख्य हिमालय पार भएर भोटिया सैनिक उत्रनु युद्धको सूचना थियो ।

८। परबत प्युठानामा अधिकार भएपछि रामकृष्ण राणाले प्युठानामा बन्दूक र गोलीगट्ठा बनाउन एक कारखाना खुलाएका थिए । चाँडै नै त्यहाँ यिनको देहान्त भयो तापनि यिनका ठाउँमा यिनकै छोरा रणजित् राणा भर्ना भई त्यो कारखाना चलाइराखेका थिए । अमरसिंह थापाले परबत–गुल्मीतिरका लडाका सैनिक भर्ना गरी कम्पनीहरू बढाएका थिए । भोटबाट युद्धको सूचना दिएपछि बहादुर शाहले केरुंग र कुतीसमेत दुइतिरबाट आक्रमण गर्नालाई क्रमैसँग बलभद्र शाह र यिनका भाइ श्रीकृष्ण शाहलाई मुख्य काजी र सेनापति गराई खटाए । बलभद्र शाह बेरामी हुँदा जुलाईका आरम्भमा[१६] पहिले श्रीकृष्ण शाह कुतीतर्फ रमाना भए । यिनका साथ काजी रणजित् पाँडे र श्रीहर्ष पन्थ, शिवनारायण खत्री, नाहरसिंह बस्न्यात, बम शाहसमेत चार कप्तानका साथ १५ सय जति तालीमी र त्यति नै जति बेतालीमी सैनिक गएका थिए । छोसेको सानो लडाइँ जिती यस महीनाका आखिरमा[१७] यिनीहरूले कुती दखल गरे । अगस्तका मध्यमा[१८] मुख्य हिमालयलाई पार गरेर भोटमा पसी सिखार्जुंगका गढीमा आक्रमण गर्दा दखल गर्न नसकी हटेर कुतीमा आई गढी बनाउन लागे ।

बलभद्र शाह बेरामी भए तापनि यिनका नायब काजी कीर्तिमानसिंह बस्न्यात, कप्पतान भोटु पाँडे र अमरसिंह थापा, श्रीकृष्ण शाह हिँडेका एघाह्र दिनपछि काठमाडौँबाट रमाना भए । यिनीहरूले कुती दखल भएका दोस्रा दिन केरुंगमा अधिकार गरे । अगस्तका आखिरमा[१९] भोटका सीमानाभित्र पसी झुंगागढीमा आक्रमण गरी दखल जमाए । एक महीनापछि शत्रुको बडो सैन्य आएर घेरा दिदा २५ दिन बिपत्तिमा फँसे । शत्रुसँग लड्न गएका भोटु पाँडे पक्रिएर नेलमा परे । तैपनि कीर्तिमानसिंह बस्न्यात र अमरसिंह थापाले शत्रुसँग मुकाबिला गर्दै रही किल्ला बचाइराखे । यो खबर सुन्नेबित्तिकै बलभद्र शाहले २ हजार जति तालीमी सैन्य लिएर रातारात दौडे । शत्रुको सैन्य केरुंगमा आई त्यहाँ रहेका गोरखाली सैन्यलाई घेरिरहेको थियो । तिनले शत्रुका उपर आक्रमण गरी भगाएर गोरखाली सैन्यलाई उकासे । दौडादौड गरी झुंगामा घेरा दिने शत्रुका उपर पनि आक्रमण गरी हटाएर भोटु पाँडेलाई छुटाए । काठमाडौँबाट रमाना भएका केवल बाह्रौँ दिन शत्रुलाई मिच्दै झुंगाका किल्लामा रहेका गोरखालीलाई उकास्नु कम वीरताको काम थिएन ।

---

१४. वि. सं. १८४४ का श्रावण लाग्दो ।
१५. वि. सं. १८४५ का ज्येष्ठतिर ।
१६. वि. सं. १८४५ आषाढ निगल्दो ।
१७. वि. सं. १८४५ श्रावणका मध्यमा ।
१८. वि. सं. १८४५ भाद्रका आरम्भमा
१९. वि. सं. १८४५ भाद्रका मध्यमा ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

९। सुखिमको रियासत भोटदेखिं छुट्टै थियो तापनि त्यहाँका राजा भोटिया हुनाले भोटसरकारलाई आफ्ना आश्रयदाता मान्दथे। यस कारणले भोटसँगका यस युद्धमा सुखिमले भोटको पक्ष लिएका हुनाले चैनपुरमा रहेका काजी जहर्रसिंह बस्न्यातलाई बहादुर शाहले त्यहाँ आक्रमण गर्न खटाए। यस बखत त्यहाँका राजा रोपछिरिंग परलोक भइसकेका हुनाले तिनका बालक छोरा साबाराजाले राजमुकुट पहिरिएका थिए। यिनका लापचा कर्वाङ (सेनापति) युक्सथुक नामी योद्धा थिए। अगस्तमा[२०] जहर्रसिंह बस्न्यातले दोर्जलिङ्गका गढीमा आक्रमण गर्दा सानो मुकाबिला गरी साबाराजा र युक्सथुक भागेर धर्मामा पुगे। गोरखाली सैन्यले तुरुन्त टिस्तानदी पार भएर धर्मामा पनि आक्रमण गरिदिए। तर त्यहाँका राजासँग सन्धि हुंदा सुखिममा फर्के। सुखिममा एक महीनासम्म लडाइँ हुँदै रह्यो। यत्तिकै लडाइँले पनि त्यहाँ अनिकाल फैलिंदा जहर्रसिंह बस्न्यात इलामका गढीमा आएर गढी बनाउन लागे। धर्माका राजासँग सन्धि हुँदा त्यहाँका एक लामा काठमाडौंमा आएर एक ठूला बौद्ध मठका बडालामा भए।

१०। नेपालसँग युद्ध अवश्य हुने देखेर पोताला लामाले चीनसम्राट् छ्याङ लुङसँग र भारतवर्षका अङ्ग्रेज गर्वनर जनरल लार्ड कार्नवालिससँग सहायता मागेका थिए। छ्याङ लुङ्छेउ बहादुर शाहले पनि अर्जी पठाएका थिए। कार्नवालिसले पोताला लामालाई मामूली उत्तर दिएर टारे। छ्याङ लुङले यस युद्धको निपटारा गराउनाका निमित्त सैन्यदल दिएर पाछुङ्नामक एक भारादारलाई पठाए। यिनले दुवै पक्षको कामकुरा सुनेर भोटका लामाहरू-लाई सन्धि गर्न कर लगाए। हिमालयका पारिपट्टि चीनको आधिपत्य हुनाले बहादुर शाहले पनि भोटसँग सन्धि गर्न राजी भएर बम शाहका साथ एक टोली केरुंगमा पठाए। भोटका पोताला लामा, टशी लामा र सक्य लामाका प्रतिनिधिहरूलाई पाछुङ्ले त्यहीं पठाए। स्याम्हर्पा लामा पनि मध्यस्थ भई बम शाहका साथमा गएका थिए। धेरै वर्ष व्यापार खलबललिंदा नेपालसरकारको ठूलो हानि भइरहेको थियो। नेपाली व्यापारीको हानि अलग थियो। युद्धमा पनि धन-जनको कम हानि भएको थिएन। यस कारणले सालको एक लाख रुपियाँ हर्जानाबापत भोटसरकारले दिने र व्यापारको काम साबिकबमोजिम चलाउनामा भोटसरकारले बाधा नदिने शर्त नेपालसरकार-बाट पेश भयो। भोटका प्रतिनिधिहरूले पनि आफ्नो प्रशस्त हानि भएको देखाए। पाछुङ्ले सालिन्दा ५० हजार रुपियाँ मात्र भोटबाट दिलाउने शर्त कबोल गराए। दुइ देशमा पछि पनि मेलमिलाप र व्यापारको सिलसिला चलोस् भन्नाका निमित्त आफूले दावा गरेका रकममा आधामा मात्र पनि बहादुर शाहले मञ्जूरी दिई सन्धिपत्रमा रणबहादुर शाहको लालमोहर लगाइदिए। यो समाचार पाएपछि बलभद्र शाहले कुँगाको गढी छोडिदिए र केरुंगमा दुइ कम्पनी सैनिक राखी काठमाडौंमा आए। यिनको ठूलो स्वागत भयो।

सुखिमसँग पनि सुलह भएर त्यहाँ नेपाली राजदूत रहन लागे। यस तरहले यस रियासतबाट भोटको प्रभाव हटेर नेपाल राज्यको प्रभाव जम्यो।

---

२०. वि. सं. १८४५ का भाद्रतिर।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

हाम्रा प्रकाशित कृति

संशोधन–मण्डलतर्फबाट

१. पूर्णिमा १ देखि ६० अङ्कसम्म	३५८।५०
२. अभिलेख–सङ्ग्रह १ देखि १२ भागसम्म	७।५०
३. इतिहास–संशोधन	५०।
४. सावधान–पत्र	२५।
५. विद्या–रक्षा	२०।
६. व्याकरण–संशोधन	३।५०
७. पञ्चाङ्ग–संशोधन	१५।
८. बुद्धिविनोद–प्रश्नावली र त्यसको उत्तर	२।
९. रत्नदीप	२।५०
१०. वृत्तशतक	३।
११. नेपालसंवत्को राष्ट्रिय मान्यताको अनौचित्य	५।
१२. श्री ३ महाराज पद्मशमशेरका कुरा	१२।

नेपाल–सांस्कृतिक–परिषद्तर्फबाट

१. जयरत्नाकरनाटक	८।
२. त्रिरत्नसौन्दर्यगाथा	१०।
३. ऐतिहासिक–पत्रसङ्ग्रह (पहिलो भाग)	४।५०
४. ऐतिहासिक–पत्रसङ्ग्रह (दोस्रो भाग)	३।५०

जगदम्बा–प्रकाशनतर्फबाट

१. गल्लीमा पर्याकिएका कसिङ्गर	६।२५
२. इतिहास–संशोधनको प्रमाण–प्रमेय	१८।
३. श्री ५ पृथ्वीनारायण शाहको उपदेश (१–५ खण्ड)	४१।

त्रि. वि. वि. पाठ्यक्रमविकासकेन्द्रतर्फबाट

१. गोलबोध	१३।७२
२. सुमतितन्त्र (त्रि. वि. वि. संस्कृत अध्ययनसंस्थानको आयोजनामा तयार भएको)	१०२।५०

नेपाल राजकीय–प्रज्ञाप्रतिष्ठानतर्फबाट

१. पण्डित गोपाल पाँडे र उनको घनमूल ल्याउने रीति	१६।४०
२. प्राचीन र नवीन गणितको तुलना	१५।
३. त्रिकोणमिति (ज्योत्पत्ति)	२५।२५
४. श्री ५ पृथ्वीनारायण शाहको उपदेशको संस्कृत तथा नेपाली पद्यमयी व्याख्या	२५।४०

CC-0. Nepal Sanskrit Academy, Kathmandu

शुद्धिपत्र

पृष्ठ	पङ्क्ति	अशुद्ध	शुद्ध
५९ अङ्कमा–			
११	२८	तिमो	तिम्रो
३३	२६	हिमवत्संकृति	हिमवत्संस्कृति
४२	१	दियाकोमा	दियाको
६० अङ्कमा–			
६	१८	इसतित्युतो	इस्तित्युतो
७	३	गरेपछि	भयपछि
९	२३	१७	१०
१२	१	स्वयस्भूको	स्वयम्भूको
१२	२९	ठूलो हैन	ठूलो कुरा हैन
१६	१२	कन्दिया	कन्दिआ
१८	११	ग्याम्अर	ग्याम्अर्
२०	२९	इङलिश्	इङग्लिश्
२०	२९	डिक्शनरि	डिक्शन्अरि
२२	३०	अर्धचतुर्य	अर्धचतुर्थ,
२४	२३	परवत	परबत
२५	१९	सूलमा	मूलमा
२६	१२	राजाको	राजाको रूपमा
२६	२५	मच्य°	मध्य°
३२	१९ पछि		
	२० अगाडि		श्री

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पूर्णिमा (इतिहास-प्रधान त्रैमासिक पत्रिका)   का. मे. अ. द. नं. १५५/२४९

कार्यालय—

संशोधन-मण्डल

१०/३७४ वटु सवलबहाल, काठमाडौं, नेपाल

वि. सं. २०४१ माघ

यस अङ्कको मूल्य रु. १५।–

मुद्रक—

लुष प्रेस

ख १, ३७३ काठमाडौं—१